" समुदायमा आधारित दिगो तथा सक्षम सहकारी संस्था "

# श्री सतासी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

## SATASHI MULTIPURPOSE CO-OPERATIVE SOCIETY LTD.

प्रधान कार्यालय: बिर्तामोड न.पा.-५ सम्पर्क: ०२३-५३३७२३/५३५२८७

# २१ औं

व्यापारिक इकाई

उत्पादन इकाई

# वार्षिक साधारण सभा

**२०८१ पौष ८ गते सोमबार**

**अतिथि सदन बिर्तामोड (झापा)**

"Scan the QR code to visit our Facebook page and stay connected!"

Scan me!

# श्री सतासी बहुउद्देश्यीय सहकारी संस्था लि.

बिर्तामोड-५, कृषिथोक चौक, झापा, नेपाल

श्री .................................. ज्यू

..................................

**विषय : २१औं वार्षिक साधारण सभामा भाग लिने सम्बन्धमा ।**

**महोदय,**

उपरोक्त सम्बन्धमा यस संस्थाको मिति २०८१ मंसिर २ गते गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार मिति २०८१ मंसिर २५ गते संस्थाका सेवाकेन्द्रहरूबाट संस्थाको विनियम २०५३ (२०७६ पुर्नलेखन) को दफा २० बमोजिम १०:१ को अनुपातमा प्रतिनिधि छनौट र मिति २०८१ पौष ८ गते सोमबारका दिन संस्थाको २१औं बार्षिक साधारणसभामा तपशिल बमोजिमका विषयहरूमा छलफल तथा निर्णय गर्नु पर्ने भएको हुनाले सम्पूर्ण शेयर सदस्य महानुभावहरूलाई सो समयावधि भित्र बार्षिक प्रतिवेदन बुझि सो प्रतिवेदन उपर कुनै सल्लाह सुझाब, जिज्ञासा भएमा सुझाबहरू लिखित रूपमा मिति २०८१ पौष ०५ गते सम्ममा पायक पर्ने सेवाकेन्द्रमा बुझाईदिनु हुनको लागी हार्दिक अनुरोध गर्दछौ ।

**छलफलको विषयहरू :**

१. आ.व. २०८०/८१ को संचालक समितिको तर्फबाट अध्यक्षद्धारा प्रस्तुत बार्षिक प्रगती प्रतिवेदन उपर छलफल तथा अनुमोदन
२. आ.व. २०८०/८१ को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन उपर छलफल तथा अनुमोदन
३. आ.व. २०८०/८१ को लेखापरिक्षकको प्रतिवेदन उपर छलफल तथा अनुमोदन
४. आ.व. २०८१/८२ को बार्षिक बजेट तथा कार्यक्रम छलफल तथा अनुमोदन
५. आ.व. २०८१/८२ को लेखापरिक्षक नियुक्ति तथा पारिश्रमिक निर्धारण ।
६. संस्थाको बचत तथा ऋण, कर्मचारी प्रशासन नियमावली तथा विभिन्न नीति तथा कार्यविधिहरू संसोधन तथा थप
७. साधारण सभा बैठक भत्ता सम्बन्धमा ।
८. शेयर लाभांश तथा संरक्षित पूँजी फिर्ता कोषको रकम सम्बन्धमा ।
९. सेवाकेन्द्र खोल्ने सम्बन्धमा ।
१०. संस्था एकीकरण सम्बन्धमा ।
११. स्थिर सम्पत्ति तथा लिलामबाट प्राप्त सम्पत्ति विक्री सम्बन्धमा ।
१२. अख्तियारी माग गर्ने सम्बन्धमा ।
१३. निर्णय पुस्तिका प्रमाणित गर्ने प्रतिनिधि छनोट सम्बन्धमा ।
१४. विविध ।

संचालक समिति आज्ञाले

..................................

झलेन्द्र प्रसाद दाहाल

प्रबन्धक

# संस्थाको विवरण

| | |
|---|---|
| संस्थाको नाम | : श्री सतासी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड |
| स्थापना मिति | : २०५३ फागुन २१ गते मंगलबार, :बचअज ण्द्ध, झढढठ |
| दर्ता नं. | : ३।१।७ (७८) ०५३।५४ डिभिजन सहकारी कार्यालय भद्रपुर |
| मुख्य कार्यालय | : विर्तामोड नगरपालिका वडा नं. ५, कृषिथोक चौक (झापा) |
| टेलिफोन नं. | : ०२३-५३३७२३, कर्पोरेट कार्यालय : ०२३(५३५२८७ |
| ईमेल ठेगाना | : satashi87@gmail.com |
| वेभसाईट ठेगाना | : www.satashicoop.com.np |
| पुर्न संचालन मिति | : २०६२ अशोज ०१ गते, 17 September , 2005 |
| सेवाकेन्द्र संख्या | : ६ स्थानमा (विर्तामोड, अर्जुनधारा, कनकाई, मेचिनगर, हल्दिवारी, गरामनी) |
| सतासी डिपार्टमेन्ट स्टोर संचालन | : मिति २०६६ अशोज ५ गते सोमबार, September 21, 2009 |
| ठेगाना | : कृषिथोक चौक, विर्तामोड, झापा |
| शाखाहरू | : ५ स्थानमा (विर्तामोड-५, हल्दिवारी, कनकाई, गरामनी र विर्तामोड-४) |

# संस्थाको परिचय

सहकारी ऐन २०४८ अर्न्तगत २०५३ सालमा फागुन २१ गते स्थापना भएको यो संस्था भुमि कृषि तथा सहकारी मन्त्रालय, सहकारी विभाग अर्न्तगत डिभिजन सहकारी कार्यालय झापामा दर्ता भई सेवा प्रारम्भ गरिएको भएता पनि यस संस्थाले मिति २०६२ साल अशोज ०१ गते देखि विर्तामोडको भद्रपुरोडबाट पुर्नसंचालन भएको झापा जिल्ला भरि कार्यक्षेत्र स्वीकृत भएको बहुमुखी प्रकृतिको सहकारी संस्था हो । यो संस्थाको हाल आफ्नै नाममा घरजग्गा कृषिथोकचौक, विर्तामोड, झापामा मुख्य कार्यालय स्थापना गरि झापाको ६ वटा सदस्य सेवाकेन्द्र र ५ वटा सुपथमुल्यको सहकारी पसल सतासी डिपार्टमेन्ट स्टोर संचालन गरि सदस्य तथा गैर उपभोत्ताहरूलाई सुपथमुल्यमा दैनिक उपभोग्य बस्तुहरूको कारोबार गदै आएको छ ।

सहकारी संस्थालाई सहकारीताको माध्यमबाट झापाको सहकारी आन्दोलनको विकासमा उल्लेखनिय योगदान पुऱ्याए बापत विभिन्न समयमा सम्मानित भएको छ ।

- झापा जिल्ला सहकारी संघ लि, भद्रपुर झापाले ५३औं राष्ट्रिय सहकारी दिवस २०६६/७७ को अवस्वरमा उत्कृष्ठ कारोबार गर्ने संस्थाको रूपमा प्रशंसा-पत्र प्रदान गरेको ।
- डिभिजन सहकारी कार्यालय, भद्रपुर झापाको आ.व. २०६७।६८ मा उत्कृष्ठ कारोबार गरेको र सुपथमुल्यको सहकारी पसल संचालन गरे वापत ४३औ राष्ट्रिय सहकारी दिवसको अवसरमा सम्मान-पत्र प्रदान गरेको ।
- २०६८ मंसिर २७ गते राष्ट्रिय सहकारी बैंकको ७औं बार्षिक साधारणसभा विर्तामोड झापाको शाखा

अर्न्तगत उत्कृष्ट कारोबार गर्ने संस्थाको रूपमा सम्मान पत्र प्राप्त गरेको ।

- २०७८ फागुन २० गते ६४औं राष्ट्रिय सहकारी दिवसमा झापा जिल्ला सहकारी संघ लिमिटेड द्धारा उत्कृष्ठ बहुउद्देश्यीय सहकारी संस्थाको रूपमा सम्मान पत्र प्राप्त गरेको ।
- २०७९ पौष १८ गते राष्ट्रिय सहकारी बैंकको १९औं बार्षिक साधारणसभाको अवसरमा "बचत तथा ऋण बाहेक को कारोबार गर्ने प्रदेश नं. १ का सदस्यहरू मध्ये" उत्कृष्ठ प्रादेशिक सदस्यको रूपमा सम्मानित भएको ।

१. परिकल्पना (Vision): "समुदायमा आधारित दिगो तथा सक्षम सहकारी संस्था"

२. संस्थाको ध्येय (Mission): "सहकारी सिद्धान्त र मुल्य मान्यताको आधारमा सदस्यको आर्थिक, सामाजिक, शैक्षिक, पर्यावरण तथा सांस्कृतिक विकासका लागी गुणस्तरीय वित्तिय सेवा र सुपथ मुल्यमा उपभोग्य सामाग्री उत्पादन तथा विक्री वितरण गरी आत्मानिर्भर बनाउने"

३. लक्ष्य (Goal): आर्थिक एवम् ब्यावसायिक रूपमा आत्मानिर्भर सहयोगी र समृद्ध समाज निर्माण गर्ने

## कार्यालयबाट सेवा लिने समय तालिका

### कार्यालय खुल्ने समय विहान ९:४५ देखि ५:३० बजे सम्म

| क्र.स. | सेवाकेन्द्रको नाम | बार | कारोबार समय |
|---|---|---|---|
| क | विर्तामोड सेवाकेन्द्र | सातै दिन | विहान १०-४ बजे सम्म |
| ख. | अर्जुनधारा सेवाकेन्द्र | आईतबार देखि शुक्रबार सम्म | विहान १०-४ बजे सम्म |
| ग. | कनकाई सेवाकोन्द्र | सातै दिन | विहान १०-४ बजे सम्म |
| घ | मेचिनगर सेवाकेन्द्र | आईतबार देखि शुक्रबार सम्म | विहान १०-४ बजे सम्म |
| ङ | हल्दिवारी सेवाकेन्द्र | आईतबार देखि शुक्रबार सम्म | विहान १०-४ बजे सम्म |
| च | गरामनी सेवाकेन्द्र | आईतबार देखि शुक्रबार सम्म | विहान १०-४ बजे सम्म |

## सतासी डिपार्टमेन्ट खुल्ने समय तालिका

### कार्यालय खुल्ने समय तालिका

विर्तामोड ख पसल सोमबार १० देखि ८ सम्म संचालन हुने

| क्र.स. | पसलको ठेगाना | बार | कारोबार समय |
|---|---|---|---|
| क | विर्तामोड क पसल | हप्ताको सातै दिन | विहान ८-८ बजे सम्म |
| ख. | विर्तामोड ख पसल | हप्ताको सातै दिन | विहान ८-८ बजे सम्म |
| ग. | कनकाई पसल | शनिबार देखि विहिबार सम्म | विहान ८-८ बजे सम्म |
| घ | गरामनी पसल | आईतबार देखि शुक्रबार सम्म | विहान ९-७ बजे सम्म |
| ङ | हल्दिवारी पसल | सोमबार देखि शनिबार सम्म | विहान ९-७ बजे सम्म |

विर्तामोड ख पसल सोमबार १० देखि ८ सम्म संचालन हुने

# श्री सतासी बहुउद्देश्यीय सहकारी संस्था लि.

बिर्तामोड–५, कृषिथोक चौक, झापा, नेपाल

## २१औं वार्षिक साधारणसभामा सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यू द्वारा प्रस्तुत प्रतिवेदन

यस संस्थाको गरिमामय २१औं वार्षिक साधारणसभाका प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यु, अतिथिज्यूहरू, सञ्चालक समितिका पदाधिकारीज्युहरू, लेखा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्यज्यूहरू, सल्लाहकार समितिका संयोजक तथा सदस्यज्यूहरू, विभिन्न उप-समितिका संयोजक तथा सदस्यज्यूहरू, इकाई उप-समितिका संयोजक तथा सदस्यज्यूहरू, पत्रकार मित्रहरू, कर्मचारीहरू एवंम शेयर सदस्य महानुभावहरूमा सर्वप्रथम सञ्चालक समिति र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत एवम् न्यानो सहकारी अभिवादन व्यक्त गर्न चाहान्छु । अब म सञ्चालक समितिको तर्फवाट अध्यक्षको प्रतिवेदन प्रस्तुत गर्न अनुमति चाहान्छु ।
आदरणीय शेयर सदस्य महानुभावहरू,

यस संस्थाको २१औं वार्षिक साधारण सभामा उपस्थित भई यहाँहरूसंग प्रत्यक्ष रूपमा कुरा गर्न पाउँदा म अत्यन्त खुशी छु । यो सभा हाम्रो सहकारीको प्रगति, चुनौती र आगामी योजनाहरूको समीक्षा गरि समुदायमा आधारित सबल र दिगो वित्तिय समाधन सहितको व्यावसायीक सहकारीको परिकल्पना साकार गर्ने महत्वपूर्ण थलो हो । सहकारीको सिद्धान्त र यसको मुल्यमान्यताले सदस्यहरूलाई सामूहिक रूपमा आर्थिक तथा सामाजिक समस्याहरू समाधान गर्न सक्षम बनाएको छ । नेपालमा सहकारीको इतिहास झण्डै एक शताब्दी पुरानो हो । सहकारीले "एकता, सहयोग र आत्मनिर्भता" को मूलमन्त्रलाई आत्मसात गर्दै समाजमा महत्वपूर्ण भूमिका खेलेको छ । नेपालको संविधानले पनि सहकारीलाई समावेशी अर्थतन्त्रको एउटा स्तम्भका रूपमा मान्यता दिएको छ । सहकारीले विषेश गरि ग्रामीण भेगका नागरिकलाई आर्थिक गतिविधिमा सहभागी गराउँदै रोजगारी सिर्जना, महिला सशक्तीकरण तथा गरिबी न्यूनीकरणको अभियानमा उल्लेखनीय योगदान पुऱ्याएको छ ।

### कोभिड–१९ पछिको चुनौतीहरू

हामी सबैलाई थाहा छ कोभिड–१९ पछिको वर्षहरू अत्यन्तै चुनौतीपूर्ण रह्यो । यसको प्रभावले सहकारी क्षेत्रलाई मात्र होइन सम्पूर्ण अर्थतन्त्रलाई नै कठिन अवस्थामा पुऱ्यायो । महामारीको समयमा हाम्रो सहकारीले सदस्यहरूलाई सहयोग पुऱ्याउन सक्दो प्रयास गरेको छ । महामारी पश्चातको विश्व अर्थव्यवस्थामा आएको प्रतिकुलताले नेपालको अर्थ व्यवस्थामा पनि प्रतिकुल असर गरेको कुरामा त यहाँहरू अवगत नै हुनुहुन्छ । यसको प्रभावले समग्र व्यवसायमा नै समस्या पारेको छ फलस्वरूप हाम्रा सदस्यज्यूहरूले समयमा ऋणको साँवा तथा व्याज तिर्न कठिनाई भएको कुरालाई मध्य नजर गर्दै आव २०८०/०८१ मा ऋणी सदस्यहरूलाई ऋणको व्याज रू.८०,१८३/७ र हर्जनामा जम्मा रू.१,७७,६५४/७ गरी जम्मा २,५७,८३७/७ छुट दिइएको कुरा यस गरिमामय सभा समक्ष राख्न चाहान्छु ।

## बैंकहरूको व्याजदरमा वृद्धि

महामारीपछि सहकारीले बैंकहरूबाट थोक कर्जाको रूपमा लिएको ऋणमा व्याजदरमा झण्डै दोब्बरले बढेको थियो । यसकारण हाम्रो सहकारीले बैंकहरूलाई बढी व्याज तिर्नपर्ने अवस्थाले संस्थाको वित्तीय स्थायित्वमा असर परेको छ ।

## सदस्यहरूलाई बढि व्याजदरमा ऋण लगानी गर्नुपर्ने बाध्यता

बैंकको बढ्दो व्याजदरका कारण सहकारीले आफ्नो सदस्यहरूलाई उपलब्ध गराउने कर्जामा पनि व्याजदर बढाउनुपर्ने बाध्यता भयो । यो अवस्था हाम्रो सदस्यहरूको आर्थिक अवस्थामा थप दबाव सृजना गर्न पुगेको छ ।

## नाफा लक्ष प्राप्त गर्न नसक्नु

बढ्दो लागत उच्च व्याजदर र कमजोर आर्थिक अवस्थाका कारण हाम्रो सहकारीले यो आर्थिक वर्षमा नाफा लक्ष हासिल गर्न सकेन । सहकारीको मुख्य उद्देश्य नाफा मात्र होइन, सदस्यहरूको आर्थिक हित सुनिश्चित गर्नु पनि हो ।

## दक्षजनशक्ति विदेश पलायन

अर्को गम्भिर चुनौती भनेको हाम्रो संस्थाका कुशल र दक्ष कर्मचारीहरू विदेश पलायन हुनु । सहकारी क्षेत्रमा अनुभव भएका दक्ष कर्मचारीहरूले वैदेशिक रोजगारका लागि संस्था छाड्नुले संस्थाको कार्यक्षमता र सेवा गुणस्तरमा प्रत्यक्ष प्रभाव पारिरहेको छ ।

## महँगी र लागतमा वृद्धि

महँगीका कारण सहकारीका प्रशासनिक खर्च, तलब व्यवस्थापन र अन्य सञ्चालन लागत बढेका छन् । यसले सहकारीलाई लागत कटौती र स्रोतको उचित व्यवस्थापन गर्न निकै गाह्रो भएको छ ।

## कर्जा जोखिम व्यवस्थापन

सहकारीमा कर्जा व्यवस्थापन भन्नाले ऋणी सदस्यहरूले कर्जा फिर्ता गर्न नसक्ने सम्भावित जोखिमलाई व्यवस्थापन गर्नका लागि छुट्याइएको कोष हो । सम्भावित कर्जा असुली नहुञ्जेल संस्थालाई आर्थिक सुरक्षाको व्यवस्था गर्न यो प्रावधान राख्नु पर्ने भएको हुँदा यसको प्रत्यक्ष असर नाफामा देखिन्छ । कर्जा जोखिमका लागि छुट्याइएको रकम कुल आम्दानीबाट घटाइन्छ, जसले गर्दा नाफा कम हुन्छ । यद्यपि यसले सहकारीलाई आर्थिक स्थायित्व प्रदान गर्ने र भविष्यमा सम्भावित वित्तीय समस्याबाट जोगिन मद्दत गर्न महत्वपूर्ण भूमिका खेल्छ ।

## समस्याग्रस्त सहकारीको प्रभाव

पछिल्लो समय नेपालका केही ठूला सहकारीहरू व्यवस्थापनका कमी कमजोरी र गलत नियतले खोलेका

कारण सहकारी क्षेत्रको विश्वसनीयता र विश्वासमाथि गम्भीर प्रभाव पारेका छन् । जसको कारण सहकारीमा बचत गर्न कम गरिदै अन्य वित्तीय संस्थातर्फ आकर्षित भएको देखिन्छ ।

### हाम्रा प्रयासहरू

यी माथिका चुनौतीहरूको सामना गर्न हाम्रो सहकारीले केही महत्वपूर्ण कदमहरू चालेको छ ।

### सदस्यहरू सँग सहकार्य

सदस्यहरू सँग नियमित छलफल र परामर्श कार्यक्रमहरू आयोजना गरि सदस्यहरूको आवश्यक्ता र समस्या बुझ्ने प्रयास गरिएको छ । यसले सदस्यहरूको विश्वासलाई कायम राख्न सहयोग पुगेको छ ।

### डिजिटल रूपान्तरण

सहकारीको सेवा प्रवाहलाई छिटो, सरल र पारदर्शी बनाउन डिजिटल प्रणालीमा जोड दिएको छ । अनलाइन भुक्तानी प्रणाली, सतासी मोबाइल एप्स र अन्य डिजिटल उपकरणहरूको प्रयोग मार्फत सेवाहरूलाई थप प्रभावकारी बनाइने छ साथै सहकारीको आम्दानीका स्रोतहरूलाई विविधिकरण गर्न आयमूलक परियोजनाहरू खोजि गरिने छ ।

### कर्मचारीहरूका लागि तालिम र उत्प्रेरणा कार्यक्रम

सीपयुक्त जनशक्ति टिकाउनका लागि कर्मचारीहरूको क्षमता विकासका लागि विशेष तालिम कार्यक्रम र उत्प्रेरणा योजना लागु गरिनेछ ।

आदरणिय शेयर सदस्य महानुभावहरू, अव म आव २०८१/०८२ को प्रस्तावित विषयहरू यस सम्मानित सभा समक्ष प्रस्तुत गर्ने अनुमति माग्दछु ।

### १) दोश्रो रणनीतिक योजना सम्बन्धमा ।

सतासी बहुउद्देश्यीय सहकारी संस्थालाई दिगो तथा सुरक्षित संस्थाको रूपमा यस क्षेत्रकै पहिलो पंक्तिमा पुऱ्याउने लक्ष्य सहित दोश्रो चार वर्षिय रणनीतिक योजना (आव २०८१/०८२-०८४/०८५) निर्माण गरि यस सम्मानित सधारण सभा समक्ष पेश गरेको छु । यस रणनीतिक योजनालाई स्वीकृत गरिदिनुहुन हार्दिक अनुरोध गर्दछु ।

### क) संस्थाका रणनीतिक उद्देश्यहरू (Strategic Objectives of Satashi Coop)

क) संस्थालाई पुर्ण प्रविधि युक्त बनाई छिटो, छरितो र गुणस्तरिय सेवा प्रदायक संस्थाको रूपमा स्थापित गर्ने ।

ख) मानव संशानधलाई समय सापेक्ष दक्ष र प्रतिस्पर्धि बनाउने र संस्थामा पुर्ण रूपमा स्व-नियन्त्रित ब्यवस्थापन प्रणालीको विकास गर्नु । साथै मानव संशाधनलाई सञ्चित राख्न वृत्ति विकासका योजनाहरू ल्याउने ।

ग) गैर वित्तीय सेवालाई व्यवस्थित र दिगो रूपमा सञ्चालन गर्नु ।

घ) सदस्यहरूको सर्वाङ्गिण विकासका लागि नविन कार्यको खोजी गर्नु ।

ङ) सदस्यहरूलाई स्वरोजगारमा जोड्न विभिन्न शीप मूलक तालिमहरू सञ्चालन गर्नु ।

च) सदस्यहरूको नेतृत्व विकाश गर्नु ।

छ) संस्थाको कार्यक्षेत्रभित्रका हरेक भूगोलमा सदस्यता विस्तार गर्दै संस्थाको पहुँच समुदाय सम्म पुऱ्याउनु ।

ज) लैङ्गिक, आर्थिक र सामाजिक विवेधलाई अन्त्य गर्दै समतामुलक समाजको विकास गर्न सहयोग गर्नु ।

## ख) संस्थाको चार वर्षिय रणनीतिक वित्तीय लक्ष्य (आव २०८१/०८२ - २०८४/०८५)

### वासलात

| पुंजी तथा दायित्व | आव २०८१/०८२ | आव २०८२/०८३ | आव २०८३/०८४ | आव २०८४/०८५ |
|---|---|---|---|---|
| शेयर पुँजी | ८३५३०१००।०० | ८९१५०४००।०० | १०१२४१४००।०० | ११०५३२५००।०० |
| सवै प्रकारका कोषहरू | ९३९९५५१३।६९ | १११४३७९८०।१५ | १३४५६१३६१।०३ | १५६९५६२१६।११ |
| बचत तथा निक्षेप | ६४२४६४११५।०१ | ७४९९७७५९०।५१ | ८७७८५२६९३।५८ | १०३६०५८४४९।६४ |
| अन्य दायित्वहरू | १२५९७३३।६९ | १६७१५६९।७० | १९२२३०५।१६ | २२१०६५०।९३ |
| बाहृय ऋण | ७०२५४३७८।७९ | ६७४१९९७७।९९ | ७०४८४५२२।४४ | ६६३१९५२७।९४ |
| भूक्तानी दिनुपर्ने हिसाव | ५८१४१५५४।८६ | ६६८६२७८८।०९ | ६४०७६८३८।५९ | ६२६३५१०९।७२ |
| जम्मा पूँजी तथा दायित्व | ९४९६४५३९६।०४ | १०८६५२०३०६।४४ | १२५०१३९१२०।८० | १४३४७१२४५४।३४ |
| सम्पत्ती तथा जायदात | आव २०८१/०८२ | आव २०८२/०८३ | आव २०८३/०८४ | आव २०८४/०८५ |
| नगद | ४८४५१२९।५७ | ५५७१८९९।०१ | ६४०७६८३।८६ | ७३६८८३६।४४ |
| बैङ्क | १००८७५५९७।६८ | ११७२३२७५५।१२ | १३०९०८९८१।२३ | १५४५२४५००।०९ |
| लगानी | १२३०६६२९१।१२ | १२९६०२३७०।९१ | १३८९१८५८६।०५ | १३९५६५७६२।१३ |
| कर्जा लगानी | ६११४५५३५१।९४ | ७१९८८९३५१।७५ | ८५८७५७७९०।७२ | १०२७५१०५५२।८१ |
| भूक्तानी पाउनुपर्ने हिसाव | ४६४१६३४१।२९ | ५२९३३०४०।५७ | ५४६५७५४३।३२ | ४७२३४२४१।५६ |
| स्थिर सम्पत्ती | ६२९८६६८४।४३ | ६१२९०८८९।०८ | ६०४८८५३५।६३ | ५८५०८५६१।३२ |
| जम्मा सम्पत्ति तथा जायदात | ९४९६४५३९६।०४ | १०८६५२०३०६।४४ | १२५०१३९१२०।८० | १४३४७१२४५४।३४ |

## आय व्यय विवरण

| विवरणहरू | आव २०८१/०८२ | आव २०८२/०८३ | आव २०८३/०८४ | आव २०८४/०८५ |
|---|---|---|---|---|
| ब्याज आम्दानी | ८५७६०००५।३४ | ९९२६१६७६।४७ | ११९८५०५९०।८८ | १४०८२७५८०।४५ |
| ब्याज खर्च बचतमा | ४६६०७२५६।०२ | ५५६९७६६८।२२ | ६५११३२११।३६ | ७६५५६४४५।७३ |
| ब्याज खर्च बाह्य ऋणमा | ८६९२८७२।९७८ | ६८८३७१७।८३९ | ६८९५२२५।०२२ | ६८४०२०२।५१९ |
| खुद ब्याज आम्दानी | ३०४५९८७६।३४ | ३६६८०२९०।४१ | ४७८४२१५४।५ | ५७४३०९३२।२ |
| सञ्चालन खर्च | ४०७६२२८५।७४ | ४६८७६६२८।६१ | ५३९०८१२२।९ | ६१९९४३४१।३३ |
| लगानीबाट प्राप्त आम्दानी | १२१८२९२७।६९ | १३१०५८३३।२४ | १४०१८६१९।३१ | १४६२८७४२।२५ |
| अन्य आम्दानी | ४५००००० | ४९५०००० | ५४४५००० | ५९८९५०० |
| कर अघिको आम्दानी | ६३८०५१८।२९ | ७८५९४९५।०४ | १३३९७६५०।९१ | १६०५४८३३।१२ |

## ३) संस्थाको चार वर्षिय रणनीतिक सदस्य विस्तार लक्ष्य (आव २०८१/०८२ - २०८४/०८५)

| विवरण | आव २०८१/०८२ | आव २०८२/०८३ | आव २०८३/०८४ | आव २०८४/०८५ |
|---|---|---|---|---|
| शेयर सदस्य | ९००१ | १०२०९ | ११५९७ | १३१९४ |
| बाल सदस्य | ६३७ | ८१७ | १११७ | १५९७ |

## २) आव २०८१/०८२ को नीति तथा कार्यक्रम सम्बन्धमा

आदरणीय सेयर सदस्यज्यूहरू यस संस्थालाई आगामी चार वर्षमा अथवा दोश्रो रणनीतिक योजनाको अन्य सम्ममा यस क्षेत्रकै सवैभन्दा दिगो र सुरक्षित संस्थाको रूपमा स्थापति गर्न यस सम्मानित साधारण सभाले स्वीकृत गरेको रणनीतिक योजना कार्यन्वयन गर्दै जानु पर्ने हुन्छ । उक्त रणनीतिक योजनालाई कार्यन्वयन गर्न यस आर्थिक वर्षको नीति तथा कार्यक्रम मार्फत संवोधन गरिने भएकाले निम्नानुसारको आव २०८१/०८२ को नीति तथा कार्यक्रम स्वीकृत गरिदिनु हुन हार्दिक अनुरोध गर्दछु ।

## क) आव २०८१/०८२ को वार्षिक कार्यक्रमहरू

| क्र.सं. | वार्षिक कार्यक्रम | आर्थिक वर्ष |
|---|---|---|
| १ | सदस्थ थप | |
| क | सेयर सदस्य थप | १०५० |
| ख | बाल बचतकर्ता थप | १२० |
| २ | सुशासन | |
| क | साधारण साभा बैठक | १ |

| | | |
|---|---|---|
| ख | सञ्चालक समिति बैठक | १८ |
| ग | लेखा सुपरीवेक्षण समिति बैठक | १२ |
| घ | ऋण उपसमिति बैठक | ४८ |
| ङ | अन्य उपसमिति बैठक | ४ |
| च | नीति तथा कार्यविधि निर्माण | निरन्तर |
| छ | नीति तथा कार्यविधि संशोधन | निरन्तर |
| ज | स्थापना दिवस कार्यक्रम | १ |
| झ | राज्यका नीति नियमको पालना | निरन्तर |
| ३ | तालिम तथा गोष्ठी | २०८१/०८२ |
| क | आन्तरिक तालिम तथा गोष्ठी | २ |
| ख | योजना समिक्षा गोष्ठी | ४ |
| ग | सदस्य शीप मुलक कार्यक्रम | १ |
| घ | बाह्य तालिम तथा गोष्ठीमा सहभागि | आवश्यकता अनुसार |
| ङ | युवा उद्यमशिलता विकास तालिम | १ |
| ४ | समुदाय आधारित कार्यक्रम | २०८१/०८२ |
| क | स्वास्थ्य शीविर कार्यक्रम | २ |
| ख | रक्तदान शीविर | १ |
| ग | जनचेतना मुलक कार्यक्रम | १ |
| घ | सामुदायिक विद्यालय छात्रावृत्ति कार्यक्रम | कार्यविधि निर्माण |
| ङ | सरसफाई तथा वृक्षरोपण कार्यक्रम | १ |
| च | खेलकुद कार्यक्रम | कार्यविधि निर्माण |
| ५ | सदस्य शिक्षा तथा समुदाय भेटघाट | २०८१/०८२ |
| क | सदस्य शिक्षा तथा साक्षरता कार्यक्रम | १२ |
| ख | समुदाय भेटघाट कार्यक्रम | १८ |
| ६ | भ्रमण | |
| क | अवलोकन भ्रमण | १ |
| ख | ज्येष्ठ नागरिक सदस्य तिर्थटान कार्यक्रम | कार्यविधि निर्माण |
| ७ | सम्मान तथा पुरस्कार | २०८१/०८२ |
| | सम्मान | नीति अनुसार |

| | | |
|---|---|---|
| | पुरस्कार | नीति अनुसार |
| | बाल सदस्य जन्मोत्सव कार्यक्रम | सुरूवात |
| | सेयर सदस्य जन्मोत्सव कार्यक्रम | सुरूवात |
| ८ | सेवाकेन्द्र थप | १ |
| ९ | मानव संशाधन व्यवस्थापन | २०८१/०८२ |
| क | दरबन्दी सृजना | आवश्यकता अनुसार |
| ख | पदपुर्ति | आवश्यकता अनुसार |
| १० | भौतिक पुर्वाधार विकास | २०८१/०८२ |
| क | कम्प्युटर नयाँ खरिद | आवश्यकता अनुसार |
| ख | प्रिन्टर नयाँ खरिद | आवश्यकता अनुसार |
| ग | स्क्यानर खरिद | आवश्यकता अनुसार |
| घ | नयाँ फर्निचर खरिद तथा निर्माण | आवश्यकता अनुसार |
| ङ | कार्यालय सजावट | आवश्यकता अनुसार |
| च | भल्ट खरिद | आवश्यकता अनुसार |

## ३) आव २०८१/०८२ को वार्षिक आर्थिक कार्यक्रम तथा बजेट

आदरणीय सेयर सदस्यज्यूहरू ! संस्थाले आव २०८१/०८२ मा निम्नानुसारको वित्तीय लक्ष्य हासिल गर्ने योजना राखेको छ । प्रस्तुत लक्ष्य स्वीकृत गरिदिनुहुन सम्मानित सभा समक्ष अनुरोध गर्दछु ।

### वासलात

| पुँजी तथा दायित्व | आव २०८१/०८२ अनुमानित |
|---|---|
| शेयर पुंजी | ८३५३०१००।०० |
| सवै प्रकारका कोषहरू | ९३९९५५१३।६९ |
| बचत तथा निक्षेप | ६४२४६४११५।०१ |
| अन्य दायित्वहरू | १२५९७३३।६९ |
| बाहय ऋण | ७०२५४३७८।७९ |
| भूक्तानी दिनुपर्ने हिसाव | ५८१४१५५४।८६ |
| जम्मा पूँजी तथा दायित्व | ९४९६४५३९६।०४ |
| सम्पत्ती तथा जायदात | आव २०८१/०८२ अनुमानित |
| नगद | ४८४५१२९।५७ |

| | |
|---|---|
| बैङ्क | १००८७५५९७।६८ |
| लगानी | १२३०६६२९१।१२ |
| कर्जा लगानी | ६११४५५३५१।९४ |
| भूक्तानी पाउनुपर्ने हिसाव | ४६४१६३४१।२९ |
| स्थिर सम्पत्ती | ६२९८६६८४।४३ |
| जम्मा सम्पत्ति तथा जायदात | ९४९६४५३९६।०४ |

## नाफा नोक्सान खाता (बचत तथा ऋण तर्फ)

| विवरणहरू | आव २०८१/०८२ अनुमानित |
|---|---|
| व्याज आम्दानी | ८५७६०००५।३४ |
| ब्याज खर्च बचतमा | ४६६०७२५६।०२ |
| ब्याज खर्च बाह्य ऋणमा | ८६९२८७२।९७८ |
| खुद व्याज आम्दानी | ३०४५९८७६।३४ |
| सञ्चालन खर्च | ४०७६२२८५।७४ |
| लगानीबाट प्राप्त आम्दानी | १२१८२९२७।६९ |
| अन्य आम्दानी | ४५००००० |
| कर अघिको आम्दानी | ६३८०५१८।२९ |

## नाफा नोक्सान खाता (पसल तर्फ)

| विवरण | रकम | रकम |
|---|---|---|
| ग्रस आम्दानी(बिक्रीबाट प्रप्त आम्दानी) | | ५३०३१२६३ |
| अन्य अप्रत्यक्ष लागतहरू | | |
| कर्मचारी खर्च | २१२९०९०५।६५ | |
| कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च | ७८१८६६५ | |
| शुल्क तथा विलहरू | ३१४०१४० | |
| व्याजखर्च | २१७९६८४६ | |
| ढुवानी खर्च | ५८२००० | |
| घरभाडा | ५३६०३७० | |
| जम्मा अप्रत्यक्ष खर्चहरू | | ५९९८८९२६।६५ |
| खुद सञ्चालन आम्दानी | | (६९५७६६३।३६ |
| अन्य गैर सञ्चालन आम्दानी | | ११३३७८४६ |
| कर अघिको खुद आम्दानी | | ४३८०१८२।६४ |

## सेयर सदस्य तथा बाल बचतकर्ता थप लक्ष्य

| विवरण | आव २०८१/०८२ |
|---|---|
| शेयर सदस्य | ९००१ |
| बाल सदस्य | ६३७ |

## ४) आव २०८१/०८२ को वार्षिक वजेट सम्बन्धमा

आदरणीय सेयर सदस्यज्यूहरू ! यस संस्थाको आव २०८१/०८२ को लागि निम्नानुसार क्षेत्रगत रूपमा बजेटको बिनियोजन गरिएको छ ।

क) पुँजीगत खर्च
ख) वित्तीय खर्च
ग) चालु खर्च

**क) पुँजीगत खर्च :** संस्थाको भौतिक पुर्वाधारको विकास गर्दै संस्थालाई आधुनिक संरचनायुक्त बनाउने रणनितिक सोचका साथ अगाडि बढेको यस संस्थाले आ.व. २०८१/०८२ मा रू. ५१,००,०००/- (अक्षरूपि एकावन्न लाख मात्र) बराबरको पुँजीगत खर्च सिमा तोकी निम्न उपशिर्षकमा खर्च गर्ने गरि बजेट प्रस्ताव गरिएको छ ।

| क्र.सं | बजेट शिर्षक | विनियोजित रकम |
|---|---|---|
| १ | सेवाकेन्द्र तथा मुख्य कार्यालयको स्तरोन्तति | १०,००,०००।०० |
| २ | फर्निचर खरिद | ५,००,०००।०० |
| ३ | सिसिटिभि जडान पसल | ७,००,०००।०० |
| ४ | कार्यालय उपकरण खरिद | ४,००,०००।०० |
| ५ | गोदाम व्यवस्थापन | २५,००,०००।०० |
| | जम्मा | ५१,००,०००।०० |

**ख) वित्तिय खर्च :** संस्थाले आर्थिक वर्ष २०८१/०८२ को लागि सदस्यहरूबाट संकलन गरेको बचत र बाह्य ऋणको व्याज भूक्तानी गर्न जम्मा रू.५,५३,००१२९/- (अक्षरूपि पाँच करोड त्रिपन्न लाख एकसय उनन्तिस मात्र) बजेट विनियोजन गरिएको छ । यो रकम हाल संस्थाले बचत र बाह्य ऋणमा तिर्दै गरेको व्याजदरको आधारमा गणना गरिएको हो । भविश्यमा बजार दरमा आएको परिवर्तनले यस रकमलाई फरक पार्न सक्छ र फरक परेमा सेही बमोजिम समायोजन गर्न अख्तियारी प्रदान गरिदिनुहुन सम्मानित सभा समक्ष अनुरोध गर्दछु ।

**ग) चालु खर्च :** संस्थाले दैनिक प्रशासनिक खर्च गर्न चालु आव २०८१/०८२ को लागि रू.३८३८०४८८। २९ (अक्षरूपि तिन करोड त्रियासी लाख असि हजार चार सय अठासी रूपौयाँ उनन्तिस पैसा मात्र)

बिनियोजन गरेको छ । जसलाई निम्नानुसार क्षेत्रगत रूपमा विनियोजन गरिएको छ । विनियोजित बजेटमा कर्मचारी सेवा सुविधामा हाल कायम गरिएको आधार तलवमा १० प्रतिशतले वृद्धि गर्ने प्रस्ताव गरिएको छ । विनियोजित बजेटलाई स्वीकृत गरिदिनुहुन सम्मनित सभा समक्ष प्रस्ताव पेश गर्दछु ।

| चालु खर्च बजेट शिर्षक | विनियोजित बजेट | बजेट भार |
|---|---|---|
| कर्मचारी खर्च | २५३४०४७०।०९ | ६६।०२ % |
| कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च | २७४६०००।०० | ७।१५ % |
| सञ्चालक खर्च | १४४४०००।०० | ३।७६ % |
| साधारण सभा खर्च | २४५००००।०० | ६।३८ % |
| घरभाडा तथा ह्रासकट्टी खर्च | ३४४२५१८।२० | ८।९७ % |
| अन्य कार्यक्रम खर्च | २९५७५००।०० | ७।७१ % |
| जम्मा खर्च | ३८३८०४८८।२९ | १००।०० % |

## ५) क्रमिक बचत खाता संचालन नीति संसोधन :

सदस्यहरूले मासिक एक निश्चित रकम तोकेको अवधि सम्म क्रमिक रूपमा जम्मा गरि वार्षिक व्याजदरका आधारमा तथा एकमुष्ठरूपमा बोनस सहित प्राप्त गर्न सकिने क्रमिक बचत योजनाका शर्त तथा सेवाहरूमा अव नयाँ खाता खोली कार्यक्रममा सहभागि हुने सदस्यहरूको हकमा निम्नानुसार संशोधन गरिएको छ । साथै १०, १५ र २० वर्षे क्रमिक बचत खाताहरू अव उप्रान्त सञ्चालनमा नल्याउने र साविकमा सञ्चालनमा रहेका खाताहरूको शर्त तथा सेवाहरू यथावत कायम राख्ने व्यहोरा यस सभा समक्ष राख्दछु ।

| क्र.स. | खाताको शिर्षक | बार्षिक ब्याज |
|---|---|---|
| १. | १ बर्षे क्रमिक बचत खाता | ८ % वार्षिक व्याज |
| २ | २ बर्षे क्रमिक बचत खाता | ८।५ % वार्षिक व्याज |
| ३ | ३ बर्षे क्रमिक बचत खाता | एकमुष्ठ १२ % वोनस |
| ४ | ६६ महिने क्रमिक बचत खाता | एकमुष्ठ २५ % वोनस |

साथै संस्थाले विगतका वर्षमा सञ्चालनमा ल्याएको १ को ३ (१० वर्षे ) वचत योजना अव उप्रान्त सञ्चालना नल्याउने व्यहोरा यस सभा समक्ष राख्दछु ।

## ६) व्याजदर संशोधन :

वित्तिय कारोवार गर्ने संस्थाहरूले आफ्नो व्याजदर बजार दर अनुसार चलायमान गर्न सकिएन भने ठूलो व्याजदर जोखिम बहन गर्नुपर्ने अवस्था आउन सक्छ त्यसैले यस सभा समक्ष बजारमा व्याजदरमा आएको परिवर्तनलाई आत्मसाथ गर्दै समय सापेक्ष रूपमा संस्थाको व्याजदर संशोधन तथा परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी दिनुहुन यस सभा समक्ष अनुरोध गर्दछु ।

## ७) नीति तथा कार्यविधि संशोधन तथा निर्माण :

संस्थालाई शुसाशनयुक्त ढंगबाट चलाउने कुरामा हामी प्रतिवद्ध छौं । व्यक्तीले होइन विधिले र नेताले होइन नीतिले संस्था चलाउदा मात्र संस्थामा शुसाशन कायम हुन्छ र संस्था दिगो तथा सवल हुन्छ भन्ने मूल मर्मलाई आत्मसाथ गर्दै यस आवमा संस्थालाई आवश्यक पर्ने संस्था सञ्चालन नीति निर्माण तथा समय सापेक्ष मौजुदा नीति तथा कार्यविधिहरू संशोधन गरि संस्थामा लागु गर्ने सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्न यस सम्मानित सभा समक्ष अनुरोध गर्दछु ।

## ८) ऋण लगानी सम्बन्धमा :

संस्थाबाट लगानी हुने ऋणको सुरक्षाले नै संस्थामा सदस्यहरूको बचतको सुरक्षा हुने भएकाले ऋणको सुरक्षालाई उच्च प्राथमिकतामा राखिने छ । जसको लागि संस्थाबाट हुने ऋण लगानीमा रू.२ लाख सम्मको ऋणमा सदस्यको ऋण तिर्न सक्ने क्षमताका आधारमा व्यक्तिगत जमानतमा, बचतको ९० प्रतिशत सम्म ऋण, ऋणको अधिकतम सिमा सम्म र अचल सम्पत्ति धितोमा ऋणको अधिकतम सिमा सम्म लगानी गर्ने नीतिगत व्यवस्था गरी कार्यान्वयन गर्न यस सभा समक्ष सञ्चालक समितिमा अख्तियारि माग गर्ने प्रस्ताव पेश गर्दछु ।

## ९) अचल सम्पत्ति धितो लिलाम तथा लिलामबाट प्राप्त सम्पत्ति बिक्री सम्बन्धमा :

यस संस्थाबाट विभिन्न सदस्यहरूलाई विभिन्न शिर्षकमा माग गरे बमोजिम लगानी भएको ऋण, लगानी भएको बखत संस्थासँग गरेको सम्झौता बमोजिम संस्थालाई तिर्नु बुझाउनु पर्ने साँवा तथा व्याज तिर्न बुझाउन आलटाल गर्ने, पटक पटक मौखिक तथा लिखित तर तागेता गर्दा पनि तिर्न बुझाउन नआउने ऋणी सदस्यहरूको ऋण लिँदाको बखतमा संस्थाको नाममा लेखाइ दिएको अचल धितो सम्पत्ति लिलाम बिक्रीबाट असुल गर्ने साथै संस्थामा लेखाइदिएको अचल धितो सम्पत्तिले अपुग भएको खण्डमा अन्य एकाघर परिवारको चल अचल सम्पत्तिबाट ऋण असुली गर्न कानुनी प्रक्रिया अगाडी बढाइने छ । यसरी धितो लिलाम गर्दा बिक्री नभएको सम्पत्ति कानुन बमोजिम संस्थाको नाममा सकार गरी राख्नु पर्ने भएछ भने उक्त सम्पत्ति कानुन बमोजिम बिक्री गरी संस्थाको लेना रकम असुल गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गरिदिनुहुन अनुरोध गर्दछु ।

## १०) सदस्य राहत कार्यक्रम सम्बन्धमा :

यस संस्थाले विगतमा वर्षहरूमा सञ्चालनमा ल्याएको सदस्य राहत कार्यक्रममा सदस्यहरूको योगदान रकममा हरेक वर्ष संस्थाले थप गर्ने योगदान रकमले संस्थालाई दिर्घकालमा ठूलो वित्तीय दायित्व शिर्जना गर्ने र संस्थाको वित्तीय संरचनाको सन्तुलन पनि विग्रन सक्ने भएकाले  शेयर लगानीका आधारमा संस्थाले गर्ने योगदानलाई स्थगित गरी सदस्यज्यूहरूकै शत् प्रतिशत योगदानमा आधारित राहत कार्यक्रम सञ्चालनमा ल्याउने विकल्पको खोजी गरी सञ्चालनमा ल्याउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्नुहुन सम्मानित सभा समक्ष अनुरोध गर्दछु ।

## ११) पसल व्यवस्थापन सम्बन्धमा :

यस संस्थाले सञ्चालन गरेको डिपार्टमेण्ट स्टोरलाई थप व्यवस्थित तरिकाले सञ्चालनमा ल्याउन तथा स्टोरमा हुन सक्ने सञ्चालन जोखिमलाइ न्यूनिकरण गर्न र संस्थाको लगानी सुरक्षित गर्न निम्न विकल्पहरूमा अध्यायन गरि कार्यान्वयनमा ल्याउने कुरा यस सम्मानित सभा समक्ष अनुरोध गर्दै प्रस्तुत विकल्पहरूमा अध्ययन गरि कार्यान्वयन गर्न सञ्चालक समितिलाई अख्तियारी दिनुहुन अनुरोध गर्दछु ।

क) पसलको आन्तरिक पुँजिको लागत घटाउँदै संचालन खर्च घटाउने र घाटामा गएका पसलहरूलाई नाफाको सम्भाव्यता नदेखिएमा बन्द गर्ने र गोदामलाई छुटै स्थानमा ब्यवस्थापन गर्ने,

ख) पसलको मानव संशाधनको संरचना छुटै बनाउने,

ग) छुटै पान नं बनाई पसल संचालन गर्ने,

घ) दुइ वा दुइ भन्दा बढी सहकारीहरूको संयुक्त लगानीमा संचालन गर्ने,

## १२) साधारण सभा तथा प्रतिनिधि छनौट सम्बन्धमा :

शेयर सदस्यहरूलाई प्रत्येक ईकाईमा प्रतिनिधि छनौट साधारण सभामा उपस्थित हुँदा प्रति सदस्य यातायात खर्च बापतको रकम रू.३५३।-, मुल साधारण सभामा प्रति सदस्य रू.५००।- मा नियमानुसाको कर कट्टा गरी उपलब्ध गरिने प्रस्ताव पेश गर्दछु ।

## १३) संरक्षित पूँजी फिर्ता कोष र शेयर लाभांष कोषको रकम वितरण :

सदस्यहरूले बचत, ऋण तथा सहकारी पसलमा एक आर्थिक बर्ष भित्रमा गरेको आर्थिक कारोबारको आधारमा सहकारी ऐन २०७४ को दफा ६९ उपदफा ३ बमोजिम तथा यस संस्थाको विधान दफा ३६ को उपदफा ख को १ बमोजिम कर र जगेडा कोष छुट्टाई रहेको रकममा २५%ले हुने रकम सदस्यले गरेको आर्थिक कारोबारको आधारमा वितरण गरिने र सहकारी ऐन बमोमिम छुट्याइएको शेयर लाभांश कोषको रकम यस आवमा ऋण जोखिम कोषमा आवश्यकता अनुसार व्यवस्थापन नगरी वितरण नगर्नु भन्ने सहकारी विभागको निर्देशन आएको हुनाले यस आवमा उक्त कोषको रकम वितरण नगर्ने व्यहोरा यस सभा समक्ष जानकारी गराउन चाहान्छु ।

## १४) एकीकरण

दोहोरो सदस्यता न्युनिकरण गर्न, संचालन खर्च ब्यवस्थापन गर्न चालु आ.व. मा कार्यक्षेत्र भित्रका तथा कार्यक्षेत्र जोडिएर सञ्चालनमा आएका कुनैपनि विषयका सहकारी संस्था एकीकरण गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्नुहुन यस साधारण सभा समक्ष प्रस्ताव पेस गर्दछु ।

## १५) लेखा परिक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण

चालु आ.व. २०८१।०८२ को लेखापरिक्षण गर्न लेखापरिक्षक नियुक्ति तथा पारिश्रमिक निर्धारणको लागी सञ्चालक समितिलाई अख्तियारी प्रदान गरिदिनुहुन प्रस्ताब पेश गर्दछु ।

### १६) सेवाकेन्द्र खोल्ने सम्बन्धमा :

संस्थाको कार्यक्षेत्र झापा जिल्ला भर नै भएता पनि सवै स्थानमा सदस्यज्यूहरूलाई सेवादिन हाल सञ्चालनमा आई रहेको सेवाकेन्द्रबाट मात्र सम्भव नभएकोले सदस्यज्यूहरूको माग अनुसार बुद्धशान्ती गाउँपालिका भित्रका सदस्यरूलाई सेवा प्रवाह गर्ने उद्देश्यले सेवाकेन्द्र खोल्ने प्रस्ताव पेश गर्दछु ।

### १७) बाह्य ऋण माग गर्ने सम्बन्धमा :

आदरणीय सेयर सदस्यज्यूहरू संस्था सञ्चालन गर्ने क्रममा सदस्यज्यूहरूबाट ऋण माग भई आएको अवस्था र संस्थाको आन्तरिक पुँजीले उक्त ऋण माग अनुसार लगानी गर्न अपुग भएको खण्डमा बैंक तथा बित्तीय संस्थाबाट बाह्य ऋण माग गरी व्यवस्थापन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गरिदिनुहुन सादर अनुरोध गर्दछु ।

# संस्थाले अवलम्बन गरेको बचत कारोबारको मुल उद्धेश्यहरू

- संस्थामा जम्मा हुने बचतलाई नियमित गर्ने ।
- संकलित बचतको सुरक्षा र सदुपयोग गर्ने ।
- बचतकर्ताको हरहिसाव व्यवस्थित र पारदर्शी बनाउने ।
- बचतको किसिम तथा व्याजको दर एकिन गर्ने ।
- लाभदायी आधारमा खातावही अध्यावधिक गर्ने ।
- फजुल खर्चलाई कम गरी बचत गर्नमा प्रेरित गर्ने ।
- बचतको महत्वबारे सदस्य लाई बोध गराउने ।
- सदस्यहरूको आर्थिक भविष्य सुरक्षित बनाउने ।
- सदस्यहरूको बालबालिकाको भविष्य उज्वल बनाउने ।

अन्त्यमा, आदरणीय शेयर सदस्यज्यूहरू, सहकारी हाम्रो साझा सम्पत्ति हो । यसको सफलता हाम्रो सामूहिक प्रतिबद्धता र सहकार्यमा निर्भर रहन्छ । यी चुनौतीहरूको समाधानका लागि हामी सबैले आ–आफ्नो ठाँउबाट सक्दो योगदान दिनुपर्छ । र यस वर्ष जेजस्तो अवस्था भएपनि अब आउने समय पक्कै पनि राम्रो र सहकारीमय हुनेमा हामी आशावादी छौं । यस प्रतिवेदन मार्फत मैले पेश गरेका संस्थाका नीति तथा कार्यक्रम तथा बजेट माथि गहन छलफल गरी स्वीकृत गरिदिनुहुन यस सम्मानित सभा समक्ष अनुरोध गर्दछु ।

आफ्नो व्यस्त समयको बाबजुत हाम्रो निम्तोलाई स्वीकर गरेर पाल्नु हुने प्रमुख अतिथिज्यू, विषेश अतिथिज्यू, अतिथिज्यूहरूलाई धन्यवाद दिदै कार्यक्रम सफल बनाउन सहयोग गर्नेहुने सबैलाई धन्यवाद दिदै सञ्चलक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन अन्त्य गर्न चहान्छु ।

जय सहकारी !

जय सतासी

रूद्रमणि श्रेष्ठ
अध्यक्ष

# श्री सतासी बहुउद्देश्यीय सहाकारी संस्था लि.

विर्तामोड ५, झापा

## को २१औं वार्षिक साधारण सभामा
## संस्थाका लेखा सुपरीवेक्षण समितिका संयोजकबाट प्रस्तुत प्रतिवेदन

यस गरिमामय साधारण सभाका सभाध्यक्षज्यू, सञ्चालक समितिका सदस्यज्यूहरू, लेखा सुपरिवेक्षण समितिका मित्रहरू, सल्लाहकार समितिका संयोजक तथा सदस्य ज्युहरू, विभिन्न उपसमितिका संयोजक तथा सदस्य ज्युहरू, कार्यरत कर्मचारी मित्रहरू तथा शेयर सदस्य महानुभावहरूलाई लेखा सुपरिवेक्षण समितिको तर्फबाट हार्दिक सहकारी अभिवादन गर्न चाहान्छौ ।

साधारण सभाबाट गठित लेखा सुपरिवेक्षण समितिबाट सहकारीको आन्तरिक गतिविधिहरूको अनुगमन क्रममा आर्थिक बर्ष २०८०।८१ मा (मिति २०८० श्रावण ०१ देखि २०८१ असार ३१ सम्म) लेखा सुपरिवेक्षण समितिको बैठक निम्न मितिमा उल्लेखित सेवाकेन्द्रमा बसेको थियो ।

| क्र.स. | मिति | सेवाकेन्द्र | उपस्थिती संख्या |
|---|---|---|---|
| १ | २०८० कार्तिक १७ गते | धुलाबारी सेवाकेन्द | शत प्रतिशत |
| २ | २०८० चैत्र २४ गते | विर्तामोड सेवाकेन्द्र | शत प्रतिशत |
| ३ | २०८० मंसिर २९ गते | धुलाबारी सेवाकेन्द्र | शत प्रतिशत |
| ४ | २०८० पौस २७ गते | सहकारी पसल | शत प्रतिशत |
| ५ | २०८१ बैसाख २८ गते | गरामनी सेवाकेन्द्र | शत प्रतिशत |
| ६ | २०८१ असार १२ गते | सुरूङ्गा सेवाकेन्द्र | शत प्रतिशत |
| ७ | २०८१ असार १६ गते | हल्दिबारी सेवाकेन्द्र | शत प्रतिशत |
| ८ | २०८१ असार १८ गते | विर्तामोड सेवाकेन्द्र | शत प्रतिशत |
| ९ | २०८१ असार २४ गते | सहकारी पसल | शत प्रतिशत |
| १० | २०८० असार २५ गते | कर्पोरेट कार्यलय | शत प्रतिशत |

आ.व. २०८०।०८१ मा लेखा सुपरिवेक्षण समितिको तर्फबाट उल्लेखित निरिक्षण अनुगमन गरिएको आधारमा यो प्रतिवेदन तयार गरिएको सम्पूर्ण सदस्यहरूमा अवगत गराउदै संस्थाको गतिविधि तथा लेखासम्बन्धि नीतिगत विषयमा भए गरिएका कार्यहरू साधारण सभामा संक्षिप्त रूपमा प्रस्तुत गर्न अनुमति चाहान्छु । शेयर सदस्य माहानुभावहरू यस संस्थाको विनियमको दफा ३१, सहकारी ऐन २०७४ को दफा ४९, प्रदेश सहकारी ऐन २०७६ र प्रदेश सहकारी नियमावलीको अधिनमा रहि लेखा सुपरिवेक्षण समितिको काम कर्तव्य

र अधिकारको आधारमा यस संस्थाले आ.व. २०८०।०८१ मा गरेको आर्थिक तथा बार्षिक बजेट बमोजिमको कार्य प्रगती भए नभएको भनि लेखा सुपरिवेक्षणबाट तयार पारिएको छ । साथै सेवाकेन्द्रमा बैठक बसि संस्थाको आर्थिक कारोबारहरूको अवस्था बारे जाँच गर्ने गराउने, कारोबारहरू तथा नीति नियमहरूको व्यवहारिक कैफियत देखिएको भएमा सञ्चालक समिति समक्ष सुझाव पेश गर्ने मुख्य जिम्मेवारी लेखा सुपरिवेक्षण समितिको भएकोले सोहि अनुरूप निम्नानुसारको विवरण पेश गरिएको छ ।

## १. गत बर्षको साधारणसभाको निर्णय सम्बन्धमा ।

संस्थाको २०औँ बार्षिक साधारण सभामा भएका निर्णयहरूको कार्यान्वयन सम्बन्धि विश्लेषण गर्दा तपशिल अनुसारको पाईयो ।

क) २०औँ बार्षिक साधारणसभाले लेखापरिक्षण गर्ने वि. एस. थापा एण्ड एसोसिएट्स, दमक, पेशागत प्रमाणपत्र नं. १२४० लाई नियुत्ति गरि लेखापरिक्षण गराईएको पाईयो ।

ख. संस्थाको कार्यक्षेत्र झापा जिल्ला भरि रहेको हुँदा जिल्ला भरि रहेका कुनै संस्था सँग एकीकरण गरि सेवाकेन्द्र विस्तारलाई प्राथमिकता दिन सुझाब दिईएकोमा कुनै पनि संस्था सँग एकीकरण नभएको पाईयो ।

ग. २० औं बार्षिक साधारणसभाले सतासी सहकारी पसलमा सामान खरिद गर्ने संस्थाका सदस्यलाई खरिद रकममा छुट सुविधा दिने भनि निर्णय गरे बमोजिम कार्यन्वयन भएको पाईयो ।

## २. ऋण लगानीको प्रकृया, ऋण वापतको सुरक्षण वा धितो सम्बन्धि व्यवस्था ।

क. संस्थाको बचत तथा ऋण नीति अनुसार ऋण लगानी गर्ने गरेको पाईयो ।

ख. व्यवसायिक सदस्यहरूलाई अधिकतम धितो जमानतमा मात्र ऋण लगानी गर्दा ऋण लगानीको जोखिम कम पाईयो ।

ग. रू.५० लाख भन्दा माथि ऋण लगानी गर्ने नीति अनुसार गत आर्थिक बर्षमा १ जनालाई ऋण उपसमितिको सिफारिसमा सञ्चालक समितिले स्वीकृत गरि लगानी गरेको पाईयो ।

घ. सदस्यलाई ऋण लगानी गर्दा कुल प्राथमिक पुँजीको १० प्रतिशत भन्दा बढि लगानी नगर्न सुझाब पेश गरिएकोमा सोही अनुसार पाईयो ।

घ. रू.१० लाख देखि माथिको ऋण लगानीमा संस्थागत मुल्याकनकर्ताको रिपोर्टको आधारमा लगानी गरिएको पाईयो ।

## ३. लेखा समितिको तर्फबाट सुझावहरू

**सुधार गर्नु पर्ने सुझावहरूको कार्यान्वयनको अवस्था,**

- आ.व. २०८०/०८१ मा सदस्यहरूलाई वित्तिय साक्षरताको रूपमा सहभागि गराउने सम्बन्धमा दिएको सुझाब अनुसार कार्यक्रमहरू आयोजना गरीएको पाईयो ।
- पर्ल्स मोनिटरिङ्ग सिस्टम अनुसार विश्लेषण भएको पाईयो ।
- कर्मचारीलाई जिम्मेवारी अनुसारको तालिम कार्यक्रममा सहभागी गराएको पाईयो ।

- शेयर सदस्यहरूको नगद कारोबारलाई निरूत्साहित गरि मोवाईल बैकिङ्ग वा अन्य डिजिटल माध्यमको कारोबारमा थप जोड दिन सुझाव प्रदान गरिएकोमा सदस्यको घर तथा पसलमा क्यु आर कोड उपलब्ध गराई डिजिटल माध्यममा प्रोत्साहन गरेको पाईयो ।
- निक्षेप धितो कर्जा लगानी गर्दा बढि जोखिम हुने हुँदा तत्काल फिर्ता नहुने बचतको अधिकतम ८० प्रतिशत मात्र ऋण लगानी गर्न सुझाव दिएकोमा सोही अनुसार लगानी नगरेको पाईयो ।
- रू.५० लाख भन्दा माथिको ऋण माग लगानी नगर्न दिएको सुझाबमा १ जनालाई सञ्चालक समितिको निर्णय अनुसार गरिएको पाईयो ।
- समय समयमा स्टक चेकजाँच गर्न सुझाव दिएकोमा गर्ने गरेको पाईयो ।
- खाध्य सामाग्रीहरू लेवल सहितको प्याकेजिङ्ग गर्न सुझाव दिएकोमा खाध्य प्रविधि तथा गुण नियन्त्रण विभाग कार्यलयबाट खाध्य उद्योगको अनुज्ञा पत्र लिई लेवल सहितको प्याकेजिङ्ग गरी विक्री वितरण गरेको पाईयो ।
- अधिकतम ६ महिना भन्दा लामो समयसम्म स्टक रहने अवस्था बारेमा सुझाव प्रदान गरिएकोमा पुर्ण रूपमा सुधार नभएको पाईयो ।
- फिर्ता नहुने सामाग्रीहरूलाई स्किम लगाई विक्रि गर्ने गरेको पाईयो ।

**सुधार गर्नु पर्ने सुझाबहरू,**

**क. वित्तिय सहकारी संस्था**

- संस्थाको वासलात अध्ययन गर्दा संस्थाको ऋण लगानी रकम घटिरहेको देखिएको हुनाले सुरक्षित लगानीका साथ साथै लगानी बृद्धी गर्ने योजना बनाउन सुझाव गरिन्छ ।
- लगानी गरिएको ऋणको किस्ता (सावाँ, ब्याज तथा हर्जना) पुर्णरूपमा नउठेको पाईएको हुनाले सञ्चालक समिति, ऋण उप-समिति, इकाई उप-समिति र कर्मचारीको संयुक्त बैठक बसी आवश्यक योजना सहित ऋण असुलि प्रकृयामा जोड दिन सुझाव गरिन्छ ।
- ग्रामिण क्षेत्रका कृषक सदस्यलाई लक्षित गरी योजना ल्याउन सुझाव गरिन्छ ।
- मसलन्द सामान खरिद गर्दा प्रत्येक सेवाकेन्द्रले आ-आफै खरिद गरेको पाईएको हुनाले कर्पोरेट कार्यलयबाटनै एक द्धार प्रणाली बाट थोक खरिद गरी सेवाकेन्द्रलाई उपलब्ध गराउन सुझाव गरिन्छ ।
- कुनै पनि कार्यलयमा रहेको जुन सुकै उपकरण मर्मत गर्न परेमा कर्पोरेट कार्यलयमा जानकारी गराएर मात्र गर्ने ब्यवस्था मिलाउने र स्विकृत गराएर मात्र खर्च गर्न सुझाव गरिन्छ ।

**ख. सतासी डिपार्टमेन्ट स्टोर**

- सहकारी पसलमा दैनिक उपभोग्य बस्तु बिक्री मुल्य बजारदरलाई मध्यनजर गरी सोही अनुसार खरिदकार्यमा ध्यान दिन र सहुलियत मुल्य कायम गर्न सुझाव गरिन्छ ।

- मिति गुज्रिने खालका सामानहरू लाई विषेश ध्यान पुर्‍याई समयमै ब्यवस्थापन गरि पसल ग्राहकलाई गुणस्तरिय सामान उपलब्ध गराउन सुझाव गरिन्छ ।
- गरामनी र हल्दिबारी पसलले नाफा गर्न नसकेको अवस्था भएको हुनाले उक्त पसल बन्द गर्न वा अन्यत्र स्थानान्तरण गर्न सुझाव गरिन्छ साथै पसल शाखा र गोदाम अलग अलग चलाउन विर्तामोड नगरपालिका भित्र भाडामा लिई गोदाम ब्यवस्था गर्न सुझाव गरिन्छ ।
- सहकारी पसलमा कर्मचारीको नियुक्ती हुने र छोड्ने गरेको र दैनिक काम कार्वाहीमा असर पुग्ने गरेको पाईएको हुनाले यस्तो प्रवृत्तीलाई निरूत्साहित गर्न कर्मचारी धरौटी राख्ने ब्यवस्था मिलाउन सुझाव गरिनछ ।
- सहकारी पसलको लेखा हेर्नको लागि लेखा सम्बन्धी अनुभव तथा योग्यता भएको पाँचौ तहको कर्मचारी ब्यवस्थापन गर्न सुझाव गरिन्छ ।
- सहकारी पसलमा विहानको समयमा ग्राहकको चाप कम हुने र बेलुकाको समयमा वडी हुने भएको हुनाले प्रति घण्टा दरले पारिश्रमिक दिनेगरी विक्रेता कर्मचारी ब्यवस्थापन गर्न सुझाव गरिन्छ ।

अन्त्यमा,
लेखासुपरिवेक्षण समितिको तर्फबाट दिईएको सुझाबलाई गम्भिरतापूर्वक कार्यान्वयन गर्ने संचालक समिति प्रति हार्दिक आभार प्रकट गर्दै लेखा सुपरिवेक्षण समितिद्धारा प्रस्तुत यो प्रतिवेदन माथि गहन छलफल गरि अनुमोदन गर्नका लागी यस साधारणसभा समक्ष पेश गर्दछु

साथै यस संस्था प्रति गहिरो आस्था र विश्वास राखी कारोबार गर्ने शेयर सदस्यहरू महानुभावहरूलाई लेखा सुपरिवेक्षण समितिको तर्फबाट हार्दिक आभार ब्यक्त गर्दै विदा हुन चाहान्छु ।

धन्यवाद ||| जय सहकारी |||

| | | |
|---|---|---|
| रविना दाहाल | दिनेश शाक्य | पवन कुमार शाह |
| सदस्य | संयोजक | सदस्य |

ICAN COP NO.1397 Firm Reg.No.1240

B.S. Thapa & Associates

Chartered Accountants

PAN : 120006975

Add : 4th Floor Damak Mall, Above D-Max Cinema Damak- Beldagi Road

Phone No: (Whatsapp-9862228919)/9815075601/023-572192

Email : cabigenthapa@gmail.com/bsthapaandassociates@gmail.com

**श्री सतासी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका**

**शदस्य महानुभावहरु समक्ष प्रस्तुत**

**स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन**

१. हामीले **श्री सतासी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको** यसैसाथ संलग्न **३१ आषाढ, २०८१ (१५ जुलाई २०२४)** को वासलात, सोही मितिमा समाप्त आर्थिक वर्षको आय विवरण, इक्वीटीमा भएको परिवर्तनको विवरण र नगद प्रवाह विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखासम्बन्धि टिप्पणीहरुको लेखा परीक्षण सम्पन्न गरेका छौं ।

**२. कैफियत सहितको राय**

हाम्रो रायमा, कैफियत सहितको रायका आधारहरुमा उल्लेखित विवरणहरुले पार्ने असर बाहेक, संलग्न वित्तिय विवरणहरुले संस्थाको **आषाढ ३१, २०८१ (१५ जुलाई २०२४)** को आर्थिक अवस्थाको स्थिति तथा सोहि मितिमा समाप्त भएको आर्थिक वर्षको सञ्चालन नतिजा र नगद प्रवाहको प्रचलित कानुनका अधिनमा रही लागु गर्न सकिने हदसम्म नेपाल लेखामान तथा लेखाको सर्वमान्य सिद्धान्त अनुसार समुचित तथा यथार्थ चित्रण गर्दछ ।

**३. कैफियत सहितको रायका आधारहरु**

संस्थाले कर्जा लगानीलाई असल (भाखा ननाघेको), संकास्पद (भाखा नाघेको तर १ बर्ष ननाघेको) तथा खराब (एक बर्षभन्दा बढी भाखा नाघेको) गरी वर्गीकृत गरि क्रमश १%, ३५% र १००% कर्जा नोक्सानी व्यवस्था गर्नुपर्नेमा संस्थाले किस्ता भाखा नाघेको ऋणलाई गणना नगरी पुरै ऋण अवधि भाखा नाघेको ऋणलाई भाखा नाघेको मानि कर्जा नोक्सानी व्यवस्था गरेको छ । उक्त नोक्सानी गरेको कारणले जम्मा नोक्सानी व्यवस्था रु १९,१६,१३,५०२ गर्नुपर्नेमा रु १,३०,६०,३२७ मात्र गरेको पाइयो । साथै संस्थाले उपदानकोष रु १,२८,९२,००० खर्चा गर्नु पर्नेमा रु १५,४६,७३८ मात्रै गरेको पाईयो ।

उल्लेखित कारणले वासालतमा प्रस्तुत गरेको ऋण, चालु दायीत्व व्यवस्था, तथा कर्जा नोक्सानी व्यवस्थाको रकम र नाफा नोक्सान हिसाबमा प्रस्तुत गरीएको यस बर्षको थप कर्जा नोक्सानी व्यवस्थाको रकम,

हामिले हाम्रो लेखापरिक्षण नेपाल लेखापरिक्षणमान तथा सहकारी विभाग द्वारा जारी गरिएको लेखापरिक्षण निर्देशिका बमोजिम सम्पन्न गरेका छौं । यस अन्तर्गतका हाम्रा दायित्वहरु यस प्रतिवेदनको “वित्तिय विवरणको लेखापरिक्षणप्रति लेखापरिक्षकको जिम्मेवारी” शिर्षक अन्तर्गत थप व्याख्या गरिएको छ । नेपाल चार्टर्ड एकाउण्टेण्टस् संस्थाले लेखापरिक्षकको निम्ति जारी गरेको आचार संहिता बमोजिम हामी यस संस्थाबाट स्वतन्त्र छौं तथा उक्त आचार संहिता बमोजिम हामिले हाम्रो आचारणगत जिम्मेवारी पुरा गरेको छौं । हाम्रो लेखापरिक्षणबाट प्राप्त लेखापरिक्षण प्रमाणहरु हाम्रो मन्तवयलाई पर्याप्त एवंम उपयुत्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

## ४. मुख्य लेखापरीक्षण व्यहोराहरु (Key Audit Matters)

मुख्य लेखापरीक्षण विषयहरु ती विषयहरुहुन् जुन हाम्रो व्यवसायीक निर्णयमा, हालको अवधिको वित्तीय विवरणहरुको लेखापरीक्षणमा सबैभन्दा महत्वपुर्ण थियो । यी मामिलाहरु हाम्रो समग्र वित्तीय विवरणहरुको लेखापरीक्षण गरी राय प्रदान गर्ने आधार तयार गर्ने क्रममा सम्बोधन गरिएको छ र हामी यी विषयहरुमा छुट्टै राय प्रदान गर्दैनौं ।

| सि.नं | मुख्य लेखापरिक्षण विषयहरु | लेखापरिक्षकको प्रतिक्रिया |
|---|---|---|
| १. | **ब्याज आम्दानी लेखाङ्कन**<br>सहकारी ऐन २०७४ र नियमावली २०७५ अनुसार, ब्याज आम्दानीलाई प्राप्तीका आधारमा लेखाङ्न गर्नुपर्ने प्रावधान रहेको छ। सहकारी संस्थाहरूमा देखा परेको आर्थिक संक्रमण र जोखिमपूर्ण अवस्थाको सन्दर्भमा, खास गरी भाखा नाघेका ऋण र ब्याजलाई चुक्ता देखाई, नयाँ मितिमा पुजिँकृत गरी प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा ऋण नवीकरण गरिने अभ्यासले वास्तविक प्राप्त नभएको ब्याजलाई आम्दानीको रूपमा देखाइने जोखिम विद्यमान रहन्छ।<br>यस्तो अभ्यासले सहकारी संस्थाहरूको नाफा कृत्रिम रूपमा बढेको देखिन्छ, जसले संस्थाको वित्तीय अवस्थाको यथार्थ प्रतिबिम्ब नगर्न सक्छ। यही कारणले, ब्याज आम्दानी लेखाङ्नलाई प्रमुख लेखापरीक्षण विषयका रूपमा प्राथमिकता दिइएको छ।<br>थप रूपमा:<br>सावाँ र ब्याजको लेखाङ्न -**Accural basis**)<br>सहकारी संस्थामा भाखा नाघेको १ वर्षसम्मको राम्रो ऋण को हकमा, व्यवस्थापनको विवेकका आधारमा थप आम्दानी लाई अक्रुसुल आधारमा बुक गरिन्छ। | ब्याज आम्दानीको लेखाङ्कन सम्बन्धि विषयलाई सम्बोधन गर्न हामिले हाम्रो लेखापरिक्षणमा निम्न प्रक्रिया अवलम्बन गर्यौं ।<br>१. संस्थाको सफ्टवेयरमा ब्याज आम्दानी लेखाङ्कन प्रक्रियाको जानकारी लियौं र चेक जाँच गर्यौं ।<br>२.ऋण नविकरण गरी प्राप्त नभएको ब्याजलाई प्राप्ती देखाई आम्दानी बाँधिने जोखिम सम्बोधन गर्न अन्तिम त्रैमासिकमा लगानी भएका ऋणहरुलाई प्राथमिकतामा राखी नमुनाको आधारमा ऋण फाईलहरु अवलोकन गर्यौं।<br>३. अन्य आवश्यक पक्रियाहरु अविलम्बन गर्यो । |

| | | |
|---|---|---|
| २ | **कर्जा लगानी तथा कर्जा नोक्सानी व्यवस्था**<br>सहकारी संस्थाले कर्जा लगानीलाई असल (भाखा ननाघेको), संकास्पद (भाखा नाघेको तर १ बर्ष ननाघेको) तथा खराब (एक बर्षभन्दा बढी भाखा नाघेको) गरी वर्गीकृत गरि क्रमश १%, ३५% र १००% कर्जा नोक्सानी व्यवस्था गर्नुपर्ने प्रावधान भएतापनी नाफा नहुने वा कम हुने अवस्थालाई मिलाउन सहकारी संस्थाहरुले भाखा नाघेको ऋण र व्याजलाई चुक्ता देखाई नयाँ मितीमा सावाँ व्याज पुजिँकृत गरी प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा ऋण नवीकरण गरी संकास्पद तथा खराब कर्जालाई असल कर्जामा रुपान्तरण गर्ने र यथोचित् कर्जा नोक्सानी व्यवस्था नगर्ने वा कर्जा वर्गिकरण नगरी एकमुष्ट रुपमा हुनुपर्ने भन्दा कम कर्जा नोक्सानी व्यवस्था गर्ने जोखिम रहेको हुन्छ । यसै कारणले कर्जा लगानी तथा कर्जा नोक्सानी व्यवस्थालाई हामीले मुख्य लेखापरिक्षण बिषयमा लिएका छौँ | कर्जा लगानी तथा कर्जा नोक्सानी सम्बन्धि विषयलाई सम्बोधन गर्न हामिले हाम्रो लेखापरिक्षणमा निम्न प्रक्रिया अवलम्बन गर्यौं ।<br>१. ऋण नविकरणको जोखिमलाई सम्बोधन गर्न अन्तिम त्रैमासिकमा लगानी भएका ऋणहरुलाई प्राथमिकतामा राखी नमुनाको आधारमा ऋण फाईलहरु अवलोकन गर्यौं ।<br>२. संस्थाको सफ्टवेयर बाट भाखा नाघेको ऋणहरुको विवरण निकाली नियम अनुसार कर्जा जोखिम व्यवस्था गरे नगरेको अध्ययन गर्यौं।<br>३. सफ्टवेयरबाट ऋण लगानी र भुक्तानीको विवरण निकाली पुरानो ऋणको भुक्तानी र नयाँ ऋण लगानी मिती हेरी नविकरण भएका ऋणको विवरण निकाल्यौं ।<br>४. अन्य आवश्यक पक्रियाहरु अवलम्बन गर्यौं। |

**५. सुनाम प्रतिष्ठान सम्बिन्धी खुलासा (Going Concern Disclosure)**

यस सम्बन्धी हाम्रो राय परिमार्जन गरिएको छैन ।

**६. अन्य जानकारी**

संस्थाको ऋण लगानी तथा अन्य सम्बन्धी आन्तरीक नियन्त्रण प्रणालीमा देखिएका कैफियतहरु बेग्लै व्यवस्थापन पत्रमा समेटिएको छ ।

**७. वित्तिय विवरणहरुप्रति व्यवस्थापनको जिम्मेवारी**

प्रचलित कानून, लेखामान बोर्ड नेपालद्वारा जारी “नेपाल लेखामानहरु” तथा सहकारी विभागद्वारा जारी गरिएको “सहकारीको लागि नेपाल वित्तीय प्रतिवेदन प्रारुप” वमोजिम वित्तिय विवरणको तयारी गरी यथार्थ प्रस्तुतिकरण गर्नु संस्थाको व्यवस्थापनको उत्तरदायित्व हो । यस उत्तरदायित्व अर्न्तगत वित्तिय विवरण गलत आंकडा, जालसाजी, त्रुटी लगायत सारभुत रुपमा गलत आँकडा रहित छ भनी तयारी र प्रस्तुतिकरण गर्ने, आवश्यक आन्तरिक नियन्त्रण

प्रणाली प्रभावकारी रुपमा कार्यान्वयन हुनेगरी स्थापित गर्ने र अद्यावधिक बनाई राख्ने, उपयुक्त लेखानीतिको छनौट तथा कार्यान्वयन गर्ने तथा तत्कालिन अवस्थामा उपयुक्त लेखा अनुमानहरू गर्ने कार्यहरु पर्दछन् । वित्तीय विवरण तयार गर्दा संस्थाको अविच्छिन्नताको मूल्यांकन, खुलासा र लेखांकन गर्ने जिम्मेवारी व्यवस्थापनको रहेको हुन्छ ।

**८. वित्तिय विवरणको लेखापरिक्षणप्रति लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो लेखापरिक्षणको आधारमा संस्थाको व्यवस्थापनले तयार गरी प्रस्तुत गरेको वित्तीय विवरणहरु उपर आफ्नो राय व्यक्त गर्नु हाम्रो जिम्मेवारी हो ।

हामीले नेपाल  लेखापरीक्षणमान तथा सहकारी विभाग द्वारा जारी गरिएको लेखापरिक्षण निर्देशिकाको आधारमा लेखापरीक्षण कार्य सम्पादन गर्नुपर्दछ । ती मानहरुले हामीलाई लेखापरिक्षकको आचार संहिता पालना गर्ने तथा  वित्तीय विवरणहरु सारभूत रुपमा गलत प्रदर्शन हुनबाट बञ्चित छन् भन्ने कुरामा यथोचित ढंगले विश्वस्त हुनको

लागि लेखापरीक्षण योजना तथा कार्यविधि तर्जुमा एवं तद अनुरुप कार्य सम्पादन गर्न अनिवार्य गर्दछन् । सो योजना तथा कार्यविधि चाहे जालसाजी वा गल्तीबाट होस् सारभूत रुपमा त्रुटियुक्त प्रस्तुती हुन सक्ने जोखिमको लेखाजोखा सहित हाम्रो व्यावसायिक निर्णयमा आधारित छ । त्यसरी जोखिमको लेखाजोखा गर्दा हामीले संस्थाको आन्तरिक नियन्त्रण उपर नै राय व्यक्त गर्ने उद्देश्यले नभइ परिस्थिति अनुसार हाम्रो लेखापरिक्षण योजना तथा कार्यविधि तयार गर्दा आन्तरिक नियन्त्रण प्रणालीको विश्लेषण गरेका छौं । व्यवस्थापनले अवलम्बन गरेको लेखा सिद्धान्त तथा गरिएका महत्वपूर्ण अनुमानहरु एवं वित्तीय विवरण प्रस्तुतीको समग्र स्थितिको मूल्यांकन गर्नु पनि लेखापरीक्षण अन्तर्गत पर्दछ ।

**९ . सहकारी ऐन, २०७४ तथा अन्य ऐनको प्रावधानहरुको पालना सम्बन्धी प्रतिवेदन**

(क) हामीले लेखापरिक्षण सम्पन्न गर्न आवश्यक ठानेका सुचना, स्पष्टिकरण,जवाफहरु सम्पुर्ण रुपमा पाएका छौं ।

(ख) हामीले लेखापरिक्षण गरेका श्रेस्ताहरुको आधारमा हाम्रो रायमा संस्थाको हिसाब किताबहरु सहकारी ऐन, २०७४, सहकारी नियमावली, २०७५ र संस्थालाई लागु हुने प्रचलीत कानुन बमोजिम ठीकसँग राखिएका छन् ।

(ग) हाम्रो रायमा हामीलाई प्राप्त जानकारी तथा स्पष्टीकरण अनुसार संस्थाको हिसाव कितावको परीक्षणबाट माथि परिच्छेद नं ५ मा उल्लेख गरीएको विवरण बाहेक सञ्चालक समिति वा सो को कुनै सदस्य वा कुनै

कर्मचारीले कानुन विरुद्ध कामकाज वा वेहिसाव गरेको वा संस्थालाई हानीनोक्सानी गरेको, गराइएको वा संस्थाको तथा निक्षेपकर्ताहरुको हित र संरक्षण नहुने काम गरेको जानकारी आएन ।

(घ) लेखापरीक्षणको सिलसिलामा पाएसम्मको सूचना तथा स्पष्टीकरणको आधारमा निक्षेपकर्ता र लगानीकर्ताको हित संरक्षण हुने कार्य भएको पाइयो । संस्थाको कारोवार संतोषप्रद संचालन भएको तथा कारोवारहरु आफ्नो अख्तियारभित्र रहेको पाइयो ।

**सि.ए. बिगेंद्र सिंह थापा**

प्रोप्राइटर

**बि.एस. थापा एण्ड एसोसिएट्स्**

**चार्टर्ड एकाउण्टेन्ट्स्**

व्या.प्र.नं.: **१३९७**

**मिति :** २०८१/०८/२३

**स्थान :** दमक, नेपाल ।

**UDIN: 241208CA02092sz9nh**

B.S.THAPA & ASSOCIATES
CHARTERED ACCOUNTANTS
FIRM REGD 1240

# वित्तीय विवरण सम्बन्धित नीति तथा टिप्पणीहरु
# २०८१ साल असार मसान्तको

## १ सामान्य जानकारी

श्री सतासी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडले छरिएर रहेका स-साना रकमलाई सहकारीको माध्यमबाट बचत गर्ने बानी बसाली त्यस्ता रकमलाई आय आर्जन गर्ने क्षेत्रमा लगानी गरी आफ्ना सदस्यहरुको आर्थिक विकासमा टेवा पुऱ्याउने मूख्य उदेश्यले सहकारी ऐन, २०४८ अनुसार मिति २०५३ फाल्गुण २१ मा तत्कालिन जिल्ला सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय, झापामा दर्ता नम्बर ३।१।१७(७८)०५३।५४ कायम गरी दर्ता भई वित्तीय तथा अन्य कारोवार सञ्चालन गर्दै आइरहेको छ । संस्थाले मिति २०६२।०८।०६ मा आयकर दर्ता गरी **३०२०६०६४३** स्थायी लेखा नम्बर प्राप्त गरेको थियो पछि संस्थाले सहकारी सहुलियत पसल पनि सञ्चालन गर्ने निर्णय भए पश्चात मिति २०७१।०१।१० मा मु.अ.कर र २०७१।०८।२२ मा अन्त शुल्कमा दर्ता गरेको छ । संस्थाको कार्यालय भद्रपुर नगरपालिका-५, झापामा रहेको छ । संस्थाको कार्यक्षेत्र सहकारी विभागबाट स्वीकृत विनियम अनुसार झापा जिल्ला भर रहेको छ ।

संस्थाको प्रमुख गतिविधिहरुमा बचत सकंलन, ऋण लगानी, सहकारी सहुलियत पसल( डपार्टमेण्ट स्टोर) र प्याकेजिङ् उद्योग आदि पर्दछन् । यी सेवाहरु संस्थाले आफनो कार्य क्षेत्र भित्रका शेयर सदस्यहरुलाई प्रदान गर्दै आएको छ ।

## २ वित्तीय विवरण तयारीका आधारहरु

### २.१ अनुपालन सम्बन्धी उद्घोषण

संस्थाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक वित्तीय विवरणहरु नेपाल लेखामान बोर्ड **(Accounting Standards Board, Nepal- ASBN)** बाट जारी भई नेपाल चार्टड एकाउन्टेन्ट्स संस्था **(Institute of Chartered Accountants of Nepal- ICAN)** द्वारा अनुपालनको लागि सुचित गरिएका नेपाल वित्तीय प्रतिवेदन मानमा **(Nepal Financial Reporting Standard-NFRS)** भएका व्यवस्था अनुसार पहिलो पटक तयार गरिएका छन् । उक्त वार्षिक वित्तीय विवरणहरु सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा सहकारी विभागबाट जारी गरिएको निर्देशकहरुका अधिनमा रही तयार पारिएका छन् ।

वार्षिक विवरण तयार गर्दा अपनाईएका प्रमुख नीतिहरु बुँदा नं ३ मा प्रस्तुत गरिएका छन् ।

| | | | |
|---|---|---|---|
| झलेन्द्र प्रसाद दहाल | दिनेश शाक्य | रुद्रमणि श्रेष्ठ | सि.ए बिगेन्द्र सिंह थापा |
| प्रबन्धक | लेखा.सु.स. संयोजक | अध्यक्ष | बि.एस.थापा एण्ड ऐसोसिएट्स |

### २.१.१ Reporting Pronouncement

वार्षिक वित्तीय प्रतिवेदन नेपाल वित्तीय प्रतिवेदन मान **(NFRS)** मा भएका प्रावधान बमोजिम तयार गरिएको छ । अर्न्तराष्ट्रिय लेखामान बोर्डले जारी गरेको अन्तराष्ट्रिय वित्तीय प्रतिवेदन मान **(IFRS)** मा आधारित रहेर नेपाल लेखामान बोर्डले नेपाल वित्तीय प्रतिवेदन मान **(NFRS)** जारी गरेको हो । नेपाल चार्टड एकाउन्टेन्ट्स संस्थाले वित्तीय प्रतिवेदन तयार गर्दा **NFRS** बमोजिम तयार गर्नुपर्ने सूचना जारी गरेको छ । प्रस्तुत वार्षिक वित्तीय विवरणहरु पहिलो पटक नेपाल वित्तीय प्रतिवेदन मान बमोजिम तयार गरिएका छन् । विगत आर्थिक वर्षको वित्तीय विवरणलाई आर्थिक वर्ष २०८०/८१ को तुलनात्मक रुपमा एकरुपता ल्याउन सो आर्थिक वर्ष २०७९/८० का वित्तीय विवरणलाई समेत **NFRS** मा भएका व्यवस्थाहरु बमोजिम आवश्यकता अनुसार पूनरवर्गीकरण तथा पूनरालेखन गरिएका छन् ।

यसरी नेपाल वित्तीय प्रतिवेदन मान बमोजिम तयार गरिएको आर्थिक वर्ष २०८०/८१ को वार्षिक विवरणहरु तथा सो सँग तुलनात्मक रुपमा एकरुपता ल्याउन मिति २०७९/०४/०१ र २०८०/०३/३१ का वित्तीय विवरणहरु सोही प्रावधान बमोजिम पूनरलेखन तथा पूनरवर्गीकरण गरिएका तथा सोही मितिमा अगाडिको **Generally Accepted Accounting Principles (GAAP)** बमोजिम तयार गरिएका वित्तीय विवरणहरुसँग तुलनात्मक विवरण बुँदा नं ३० मा प्रस्तुत गरिएको छ ।

### २.१.२ नेपाल वित्तीय प्रतिवेदन मान अनुपालनको सम्बन्धमा जारी वैकल्पिक व्यवस्था

नेपाल लेखामान बोर्डको सिफारिसमा नेपाल चार्टड एकाउन्टेन्ट्स संस्थाले नेपाल वित्तीय प्रतिवेदन मानमा भएको प्रावधान बमोजिम आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन तयार गर्दा तल उल्लिखित केही वैकल्पिक व्यवस्था (Carve Out) अपनाउन सकिने गरी बैंक तथा वित्तीय संस्थाहरु को लागि मात्र व्यवस्था गरिएता पनि यस सहकारी संस्थाले व्यवहारिक कठिनाई र Materiality लाई मध्ये नजर राख्दै नेपाल वित्तीय प्रतिवेदन मान अनुपालनको लागि निम्न लिखित वैकल्पिक व्यवस्था अनुसार आफ्नो वित्तीय प्रतिवेदन तयार पारेको छ ।

**क) NFRS 9 - वित्तीय उपकरणः पहिचान, लेखाङ्कन तथा मापन (ऋण नोक्सानी व्यवस्था सम्बन्धी)**

**NFRS 9** को Para 5.5 को व्यवस्था बमोजिम बैंक तथा वित्तीय संस्थाहरुले ऋणनोक्सानी व्यवस्था (Loan Loss Provision) कायम गर्दा "Expected Credit Loss Model" अपनाएर गनुपर्ने प्रावधान अनुसार गर्न नसकिने अवस्था हुँदा वैकल्पिक व्यवस्था अवलम्बन गर्न सकिने व्यवस्था गरेको छ । यो अनिवार्य व्यवस्था अनुसार संस्थाले नेपाल राष्ट्र बैंकको एकिकृत

| | | | |
|---|---|---|---|
| झलेन्द्र प्रसाद दहाल | दिनेश शाक्य | रुद्रमणि श्रेष्ठ | सि.ए बिरेंद्र सिंह थापा |
| प्रबन्धक | लेखा.सु.स. संयोजक | अध्यक्ष | बि.एस.थापा एण्ड ऐसोसिएट्स |

निर्देशन बमोजिम आएको ऋण नोक्सानी व्यवस्था वा NFRS 9 को 5.5 बमोजिम आएको ऋण नोक्सानी व्यवस्था मध्य जुन बढी हुन्छ सोलाई ऋण नोक्सानी व्यवस्था गरी लेखाङ्कन गर्नुपर्ने प्रावधान रहेको छ । तर सहकारी संस्था नेपाल राष्ट्र बैंकको नियमन भन्दा बाहिर हुने कारणले यस संस्थाले सहकारी विभागद्वारा जारी निर्देशन बमोजिम आएको ऋण नोक्सानी व्यवस्था वा **NFRS 9** बमोजिम आएको ऋण नोक्सानी व्यवस्था मध्ये जुन बढी हुन्छ सोलाई ऋण नोक्सानी व्यवस्था गरी लेखाङ्कन गरेको छ ।

**ख) NFRS 9- वित्तीय उपकरण- पहिचान तथा मापन (प्रभावकारी ब्याज दर-Effective Interest Rate सम्बन्धी)**

NFRS 9 को Para 5.4 व्यवस्था बमोजिम बैंक तथा वित्तीय संस्थाहरुले ऋण लगानीबाट हुने ब्याज आम्दानी गणना गर्दा सेवा शुल्क र कमिशनलाई समेत समायोजन गरी हुन आउने प्रभावकारी ब्याजदर **(Effective Interest Rate)** मा गणना गर्ने व्यवस्था रहेकोमा सो गर्न अव्यवहारिक भएको अवस्थामा वैकल्पिक व्यवस्था अवलम्बन गर्न सकिने छ ।

वैकल्पिक व्यवस्था बमोजिम ऋणलगानी गर्दा प्राप्त हुने सेवा शुल्क तथा कमिशनलाई ऋणबाट प्राप्त ब्याज आम्दानी लेखाङ्कनको लागि समायोजित ब्याज दरमा समायोजन नगरी प्रोदभावी **(Accrual Basis)** लेखाङ्कनका आधारमा सो सेवा शुल्क तथा कमिशन आम्दानी पाकेकै वर्ष लेखाङ्कन गर्न सकिने छ । सहकारीले उपरोक्त वैकल्पिक व्यवस्था अवलम्बन गरेको छ ।

**२.१.३ प्रतिवेदनको समयावधि तथा वित्तीय विवरणको स्वीकृति**

संलग्न वित्तीय विवरणले मिति ०१ श्रावण २०८० देखि मिति ३१ असार २०८१ को अवधिलाई समेटि मिति ३१ असार २०८१ को वित्तीय अवस्था प्रस्तुत गरेको छ । उक्त वित्तीय विवरण र सो को ३१ असार २०८० को वित्तीय अवस्थासँगको तुलनात्मक स्थितिको अवस्थाको प्रकाशन तथा वार्षिक साधारण सभामा स्वीकृतीको लागि पेश गर्न सञ्चालक समितिको बैठकबाट स्वीकृत भएको छ ।

**२.२ वित्तीय विवरणको उत्तरदायित्व**

संस्थाको वित्तीय विवरण तयार पार्ने उत्तरदायित्व सञ्चालक समितिमा निहित रहेको छ । समितिले उक्त उत्तरदायित्वलाई वार्षिक प्रतिवेदनमा उल्लेख गरेबमोजिम स्वीकार गर्दछ । वित्तीय विवरणमा निम्न विवरणहरु समावेश गरिएका छन् ।

(क) संस्थाको आषाढ मसान्त, २०८१ मा कायम वित्तीय अवस्थाको जानकारी प्रदान गर्ने वित्तीय अवस्थाको विवरण (Statement of Financial Position)

| झलेन्द्र प्रसाद दहाल | दिनेश शाक्य | रुद्रमणि श्रेष्ठ | सि.ए बिर्गेद्र सिंह थापा |
|---|---|---|---|
| प्रबन्धक | लेखा.सु.स. संयोजक | अध्यक्ष | बि.एस.थापा एण्ड ऐसोसिएट्स |

(ख) संस्थाको आर्थिक वर्ष २०८०/८१ को वित्तीय प्रगतिको जानकारी प्रदान गर्ने नाफा नोक्सान हिसाब तथा अन्य विस्तृत आयको विवरण (Statement of Profit or Loss and Statement of Other Comprehensive Income)

(ग) संस्थाको आर्थिक वर्ष २०८०/८१ को नगद प्रवाहको जानकारी प्रदान गर्ने नगद प्रवाह विवरण (Statement of Cash Flows),

(घ) संस्थाको आर्थिक वर्ष २०८०/८१ मा जेथामा भएको परिर्वतनको जानकारी प्रदान गर्ने ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण (Statement of Change In Equity),

(ङ) संस्थाको वित्तीय विवरण तयार गर्दा अवलम्बन गरिएको प्रमुख लेखा नीतिहरु र वित्तीय विवरणसँग सम्बन्धित अन्य सान्दर्भिक जानकारीहरु समेटिएको लेखा सम्बन्धी टिप्पणीहरु ।

## २.३. कार्यात्मक तथा प्रस्तुतीकरण मुद्रा

संलग्न वित्तीय विवरणहरु निकटतम रुपैयाँमा प्रस्तुत गरिएको छ । आर्थिक विवरणमा देखाईएका सम्पत्ति तथा दायित्वहरु नेपाली रुपैंयामा लेखिएका छन् जुन संस्थाको कार्यात्मक मुद्रा पनि हो ।

## २.४. महत्वपूर्ण लेखांकन निर्णय र अनुमान

NFRS को प्रावधान बमोजिम लेखा नीति अपनाएर वित्तीय प्रतिवेदन तयार गर्दा NFRS ले निर्दिष्ट गरे बमोजिम उपयुक्त तथा समुचित अनुमान (Estimate), धारणा (Assumption), तथा स्वविवेक (Judgement) हरुलाई आधार बनाईएको हुन्छ । सहकारीको व्यवस्थापनले उक्त अनुमान, धारणा तथा स्वविवेकको समय अनुकुल पुनरावलोकन गरी आवश्यक भएको अवस्थामा NFRS ले निर्दिष्ट गरे अनुसार समायोजन गर्ने गरेको छ ।

वित्तीय विवरणको तयारीमा निम्न क्षेत्रको अनुमान, धारणा तथा स्वविवेकको प्रयोगले महत्वपूर्ण भूमिका खेलेको हुन्छ :

- ✓ वित्तीय उपकरणको बजार मूल्य निर्धारण (Fair Value of Financial Instruments)
- ✓ वित्तीय सम्पत्ति तथा दायित्वको वर्गीकरण (Classification of Financial Assets and Financial Liabilities)
- ✓ वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था निर्धारण (Impairment losses on Financial Assets)
- ✓ गैर वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था निर्धारण (Impairment losses on Non-Financial Assets)

| झलेन्द्र प्रसाद दहाल | दिनेश शाक्य | रुद्रमणि श्रेष्ठ | सि.ए बिरेंद्र सिंह थापा |
|---|---|---|---|
| प्रबन्धक | लेखा.सु.स. संयोजक | अध्यक्ष | बि.एस.थापा एण्ड ऐसोसिएट्स |

- ✓ स्थिर सम्पत्ति तथा कार्यलय उपकरणको उपयोग अवधि निर्धारण (Useful Economic Life of Property and Equipment)
- ✓ आयकर तथा स्थगन कर निर्धारण (Taxation and Deferred Tax)
- ✓ परिभाषित लाभ दायित्व निर्धारण (Defined Benefit Obligations)
- ✓ सम्भावित दायित्व निर्धारण (Provision for Liabilities, Commitments and Contingencies)
- ✓ लगानी सम्पत्तिको वर्गिकरण (Classification of Investment Property)

### २.४.१ वित्तीय उपकरणको बजार मूल्य निर्धारण (Fair Value of Financial Instrument)

वित्तीय सम्पत्ति तथा दायित्वको बजार मूल्य निर्धारण बुँदा नं ५.१ मा उल्लिखित मुल्याङ्कन तालिका अनुसार निर्धारण गरिन्छ र सो क्रममा विभिन्न मूल्याङ्कन विधि तथा statistical Models को प्रयोग गरिन्छ ।

### २.४.२ वित्तीय सम्पत्ति तथा दायित्वको वर्गिकरण (Classification of Financial Asset and Liabilities)

वित्तीय सम्पत्ति तथा दायित्वको प्रस्तुती र मापन Amortized Cost (परीशोधित मुल्य) अथवा बजार मूल्य मध्ये कुनै एकमा आधारित मूल्याँकन विधिका अनुसार गरी निम्न वर्गहरुमा वर्गीकृत गरिएको छ :

- ✓ Amortized Cost (परीशोधित मुल्य) मा वर्गिकरण गरिएका,
- ✓ Fair Value Through Profit or Loss (FVTPL) मा वर्गिकरण गरिएका,
- ✓ Fair Value Through Other Comprehensive Income (FVTOCI) मा वर्गिकरण गरिएका

वित्तीय सम्पत्ति तथा दायित्वको वर्गीकरण अनुसार मूल्याँकन र लेखाङ्कन फरक पर्ने हुन सक्छ । सहकारीले सम्पत्ति तथा दायित्वको प्रस्तुती तथा मूल्याँकनलाई उपयुक्त लेखा नीति अवलम्बन गरी वर्गिकरण गर्ने गरेको छ ।

### २.४.३ वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था (Impairment Losses on Financial Assets)

वित्तीय सम्पत्तिमा भएको नोक्सानीको व्यवस्था सहकारी विभागले जारी गरेको सहकारी संघसंस्थामा सुशासन प्रवर्द्धनको लागि एकीकृत निर्देशन २०७९ को बुँदा नं २० बमोजिन वा NFRS 9 को Para 5.5 को 'Expected Credit Model' मध्ये जुन रकम बढी हुन्छ सो रकमलाई नोक्सानी व्यवस्थाको लागि छुट्याईएको छ ।

| | | | |
|---|---|---|---|
| झलेन्द्र प्रसाद दहाल | दिनेश शाक्य | रुद्रमणि श्रेष्ठ | सि.ए बिगेंद्र सिंह थापा |
| प्रबन्धक | लेखा.सु.स. संयोजक | अध्यक्ष | बि.एस.थापा एण्ड ऐसोसिएट्स |

B.S.THAPA & ASSOCIATES CHARTERED ACCOUNTANTS FIRM REGD 1240

| | | | |
|---|---|---|---|
| झलेन्द्र प्रसाद दहाल | दिनेश शाक्य | रुद्रमणि श्रेष्ठ | सि.ए बिर्गेद्र सिंह थापा |
| प्रबन्धक | लेखा.सु.स. संयोजक | अध्यक्ष | बि.एस.थापा एण्ड ऐसोसिएट्स |

NFRS 9 को Para 5.5 बमोजिम Amortized Cost मा वर्गीकरण गरिएका वित्तीय सम्पत्तिमा नोक्सानी व्यवस्था गर्न निम्न लिखित बुँदाहरुमा उपयुक्त स्वविवेक, अनुमान र धारणाहरु अवलम्बन गरेको छ :

- ✓ नोक्सानी व्यवस्था मूल्याङ्कनको लागि उपयुक्त पद्धतिको छनौट
- ✓ एकल रुपमा महत्व राख्ने वित्तीय सम्पत्तिको परिभाषा
- ✓ नोक्सानी व्यवस्थाको मूल्याङ्कनगर्ने प्रश्नहरु
- ✓ भविष्यमा वित्तीय सम्पत्तिबाट हुन सक्ने नगद प्रवाहको अनुमान
- ✓ आर्थिक अवस्था तथा पोर्टफोलियोका कारणहरुलाई समावेश गर्न गरिएको Historical Data को विश्लेषणको परिणामलाई समायोजन गरिएको ।

नोक्सानी व्यवस्थाको मूल्याङ्कनको प्रक्रियामा व्यवस्थापनले अवलम्बन गर्ने स्वविवेक उक्त मूल्याङ्कनको अभिन्न अंग हुन्छ र यसरी मूल्याङ्कन गर्दा व्यवस्थापनले उपलब्ध तथ्याङ्क औचित्यताका आधारमा समायोजन गर्ने गरेको छ ।

### २.४.४ गैर वित्तीय सम्पत्तिको नोक्सानीको व्यवस्था

सहकारीले आवधिक रुपमा गैर वित्तीय सम्पत्तिमा गर्नु पर्ने नोक्सानी व्यवस्थाको परिक्षण गरी रहेको हुन्छ । यस्तो सम्पत्तिको नोक्सानी व्यवस्थाको लागि व्यवस्थाको उक्त सम्पत्तिबाट भविष्यमा हुन सक्ने नगद प्रवाहको अनुमान गरी सो लाई उपयुक्त Discount दरले आजको मूल्यमा ल्याई “Value in Use” मापन गर्नु पर्ने हुन्छ ।

### २.४.५ स्थिर सम्पत्तिको उपयुक्त प्रयोग अवधि

सहकारीले उपयुक्त अनुमान, धारणा तथा स्वविवेकको आधारमा आवधिक रुपमा स्थिर सम्पत्ति तथा कार्यलय उपकरणको ह्रासकट्टीको विधि, उपयुक्त प्रयोग अवधि तथा उक्त अवधिको अन्त्यमा बाँकी रहने मूल्य (Residual Value) पुनरावलोकन गर्ने गरेको छ ।

### २.४.६ कर तथा स्थगन कर

आयकर खर्चमा यस वर्षको कर, स्थगन कर तथा विगत वर्षको कुनै थप कर दायित्व आयमा सो समेत समावेश गरिन्छ ।

**चालु कर**

| झलेन्द्र प्रसाद दहाल | दिनेश शाक्य | रुद्रमणि श्रेष्ठ | सि.ए बिरेंद्र सिंह थापा |
|---|---|---|---|
| प्रबन्धक | लेखा.सु.स. संयोजक | अध्यक्ष | बि.एस.थापा एण्ड ऐसोसिएट्स |

चालु आयकर दायित्व भन्नाले चालु आर्थिक वर्षमा गरिएको मुनाफाबाट आन्तरिक राजश्व विभागलाई तिर्नु पर्ने आयकर रकम हो । आयकर गणना गर्ने प्रयोजनको लागि उपयोग हुने करका दर (तथा कर सम्बन्धी कानून) वित्तीय स्थितिको विवरण मितिमा लागू भएका दर हुन् । सोही अनुरुप चालु आयकरको गणना गर्दा आयकर ऐन २०५८ (संसोधन सहित) मा गरिएको व्यवस्था बमोजिम यस वर्षको नाफालाई आधार मानी गणना गरिन्छ ।

**स्थगन कर**

सम्पत्ति तथा दायित्वहरको वित्तीय विवरणमा गणना गरिएको रकम तथा कर कानुनका हिसाबले गणना गरिएको रकममा हुने भिन्नतालाई वित्तीय विवरणमा स्थगन कर सम्पत्ति (वा स्थगन कर दायित्व) का रुपमा लेखाङ्कन गरिन्छ । स्थगन कर सम्पत्तिलाई भविष्यमा हुने करयोग्य आयमा दावी गर्न सकिन पर्याप्त विस्वसनीय आधार नभएसम्म सम्पत्तिको रुपमा पहिचान गरिँदैन ।

### २.४.७ सम्भावित दायित्वको लागि व्यवस्था

सम्भावित दायित्वहरुमा विगतका घटनाक्रमबाट उत्पन्न हुन सक्ने त्यस्ता दायित्वहरु जसको अस्तित्व तथा परिणाम भविष्यका एक वा एक भन्दा बढी तथा सहकारीको नियन्त्रण भन्दा बाहिर रहने अनिश्चित घटना क्रमहरुले निर्क्यौल गर्ने तथा विगतका घटना क्रमबाट उत्पन्न भएका तर देहायका कारणले गर्दा हाल लेखांकन नगरिएको दायित्वहरु पर्दछन् ।

- ✓ दायित्व निसर्ग गर्नका लागि आर्थिक लाभ हुने श्रोत बाहिरिने सम्भावना नरहेको अथवा
- ✓ दायित्व मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएको ।

### २.४.९ लगानी सम्पत्तीको वर्गिकरण

कुनै सम्पत्ति लगानी सम्पत्तिको रुपमा वर्गिकरण गर्न योग्य भए वा नभएको निर्धारण गर्नको लागि व्यवस्थापनको स्वविवेक आवश्यक पर्दछ । सहकारीले यी स्वविवेकको एकनास रुपले प्रयोग गर्न मापदण्डहरुको विकास गरेको छ । कुनै सम्पत्ति जुन भाडा वापत कमाउन वा पूँजीको मूल्यवृद्धिको लागि राखिएको छ वा दुबै उद्देश्यको लागि धारण गरिएको छ र त्यो सम्पत्तिले सहकारीले अन्य सम्पत्तिहरु भन्दा स्वतन्त्र रुपमा नगद प्रवाह उत्पन्न गर्न सक्दछ भने त्यो सम्पत्तिलाई लगानी सम्पत्तिको रुपमा वर्गिकरण गरिन्छ । त्यसैगरी कुनै सम्पत्ति जुन संचालनका लागि वा सेवा प्रदान गर्नका लागि वा प्रशासनिक उद्देश्यका लागि प्रयोग गरिन्छ र त्यो सम्पत्तिले एकल रुपमा प्रत्यक्ष नगद प्रवाहहरु उत्पन्न गर्न सक्दैन भने त्यस्ता सम्पत्तिलाई सम्पत्ति, प्लान्ट तथा उपकरणको रुपमा वर्गिकरण गरिन्छ । सहकारीले वार्षिक रुपमा आफ्ना सम्पत्तिहरुको वर्तमान उपयोगलाई ध्यानमा राखि सम्पत्तिको वर्गीकरण गर्दछ ।

| झलेन्द्र प्रसाद दहाल | दिनेश शाक्य | रुद्रमणि श्रेष्ठ | सि.ए बिर्गेद्र सिंह थापा |
|---|---|---|---|
| प्रबन्धक | लेखा.सु.स. संयोजक | अध्यक्ष | बि.एस.थापा एण्ड ऐसोसिएट्स |

B.S. THAPA & ASSOCIATES CHARTERED ACCOUNTANTS FIRM REGD. 1240

## २.५ लेखा नीतिमा परिवर्तन

संलग्न वित्तीय प्रतिवेदनहरु पहिलो पटक NFRS को अनुपालनमा बनाईएका वार्षिक वित्तीय प्रतिवेदनहरु हुन् । पहिलो पटक NFRS बमोजिम वित्तीय प्रतिवेदनहरु तयार गर्दा NFRS 1 मा भएको व्यवस्था बमोजिम बिगतमा NFRS लागु हुनु अघिको GAAP बमोजिम तयार गरिएका वित्तीय विवरणहरुलाई NFRS अनुसार पूनरलेखन गर्नु पर्दा सो को वित्तीय स्थिति विवरण, नाफा नोक्सान हिसाब विवरण, नगद प्रवाह विवरणमा पर्न जाने प्रभावको बारे बुँदा नं ५.८ मा प्रस्तुत गरिएको छ ।

## २.६ जारी भई बाध्यकारी नभएका नेपाल वित्तीय प्रतिवेदन मानहरु

वित्तीय उपकरणको रिपोर्टिङको लागि, NAS 32 वित्तीय उपकरण, प्रस्तुतिकरण, NAS 39 वित्तीय उपकरण लेखाङ्कन र मापन र NFRS 7 बमोजिमको वित्तीय उपकरण प्रकटिकरण लागू गरिएको छ । वित्तीय उपकरणहरुको वर्गीकरण्को लागि NFRS 9 अनुपालना गरिएको छ ।

NFRS को विभिन्न मितिमा उद्घोषण पछि IASB बाट केही नयाँ लेखामान र वर्तमान लेखामानमा संशोधन र व्याख्य जारी भएको छ । एएसबी नेपालले यसलाई NFRS सँग समावेश गराएपछि यी लागू गरिएको छ । ICAN ले NFRS 2018 घोषणा गरी लागू गरेको छ ।

## २.७ संस्थाको निरन्तरता/अविछिन्नतामा आधारित लेखा नीति (Going Concern)

संस्थाको व्यवस्थापनले आफनो व्यवसाय निरन्तर रुपमा (Going Concern Basis) चलिरहन्छ भन्ने क्षमताको समीक्षा गरेको छ । संस्थाको व्यवसाय भविष्यमा अनवरत रुपमा चलिरहनको लागि व्यवस्थापनसंग पर्याप्त स्रोतहरु छन् भनी विश्वस्त छ । यसका लागि सञ्चालक समितिले नाफा, नगद प्रवाह, पूँजीगत स्रोतहरु जस्ता अवस्थाहरुको भविष्यको प्रक्षेपण गर्नका साथै हाल र भविष्यको अवस्थाहरु विश्लेषण गरेको छ ।

## २.८ तुलनात्मक जानकारी

लेखा नीतिहरु सबै अवधिमा समान रुपले अवलम्बन गरिएको छ । गत आर्थिक वर्षका वित्तीय रकमहरुलाई आवश्यकता अनुसार पूर्नवर्गीकरण गरिएका छन् ।

## २.९ वित्तीय स्थितीको विवरण मिति पश्चातका घटनाहरु

| झलेन्द्र प्रसाद दहाल | दिनेश शाक्य | रुद्रमणि श्रेष्ठ | सि.ए बिरेन्द्र सिंह थापा |
|---|---|---|---|
| प्रबन्धक | लेखा.सु.स. संयोजक | अध्यक्ष | बि.एस.थापा एण्ड ऐसोसिएट्स |

B.S. THAPA & ASSOCIATES CHARTERED ACCOUNTANTS FIRM REGD. 1240

आर्थिक वर्षको अन्त्य देखि वार्षिक वित्तीय विवरण (मिति अषाढ ३१, २०८१ को वित्तीय अवस्था दर्शाउने वित्तीय विवरणहरु) प्रकाशन वा जारी गर्न स्वीकृत नहुन्जेलको समयावधीमा सो विवरणले पेश गरेको वित्तीय अवस्था सम्बन्धी थप जानकारी दिने वा उल्लेख्य असर पार्ने कुनै पनि अनुकुल वा प्रतिकुल घटनाहरुलाई वित्तीय स्थितिको विवरणको मिति पश्चात्तका घटनाहरु भन्ने गरिन्छ । यस सम्बन्धी थप जानकारी NAS 10 "Events after reporting date" भनी बुँदा नं ५.४ मा प्रस्तुत गरिएको छ ।

## ३ प्रमुख लेखा नीतिहरु

### ३.१ मापनको आधार

प्रस्तुत वित्तीय विवरण तल उल्लेखित अवस्थामा बाहेक ऐतिहासिक मूल्यका आधारमा तयार गरिएको छ ।

- ✓ अन्य व्यापारिक लगानी तथा लगानी सेक्युरिटिज (इक्वीटी शेयर) मा गरेको लगानीलाई NFRS 9 बमोजिम उचित मूल्यमा मापन गरिएको छ ।
- ✓ परिशोधित लागत (Amortized Cost) मा मापन गरेको वित्तीय सम्पत्ति तथा वित्तीय दायित्वलाई करिबी प्रभावकारी व्याज दरको आधारमा मापन गरिएको छ ।

### ३.२ नगद र नगद समान

नगद तथा नगद समान अन्तर्गत नगद मौज्दात, बैंकमा तथा वित्तीय संस्थमा रहेको मौज्दात र माग, तिन महिना वा सोभन्दा कम अवधि भएका अत्याधिक तरल वित्तीय सम्पत्ति तथा अल्प सुचनामा प्राप्त हुने रकम पर्दछ । यस्ता नगद तथा नगद समानहरूको उचित मूल्यमा हुने परिवर्तनको जोखिम एकदमै कम हुन्छन् र सहकारीले यी सम्पत्तिहरूको प्रयोग अल्पकालिन प्रतिवद्धता पुरा गर्न गर्दछ ।

वित्तीय स्थितिको विवरणमा नगद तथा नगद समान परिषोधित लागत (Amortized Cost) मा मापन गरिएको छ ।

### ३.३ वित्तीय सम्पत्ति तथा वित्तीय दायित्व

**क) प्रारम्भिक पहिचान तथा लेखाङ्कन**

सहकारीले प्रारम्भिक रुपमा आफ्नो वित्तीय अवस्थाको विवरणमा वित्तीय सम्पत्ति वा दायित्वलाई तब मात्रै लेखाङ्कन गरिन्छ जब यो उपकरणको अनुबन्धन व्यवस्थाको पक्ष (Party to Contractual Provision) हुन्छ ।

| | | | |
|---|---|---|---|
| झलेन्द्र प्रसाद दहाल | दिनेश शाक्य | रुद्रमणि श्रेष्ठ | सि.ए बिरेंद्र सिंह थापा |
| प्रबन्धक | लेखा.सु.स. संयोजक | अध्यक्ष | बि.एस.थापा एण्ड ऐसोसिएट्स |

सहकारीले सुरुमा ऋण र सापटी, निक्षेप र सहायक दायित्वहरू उनीहरूको उत्पत्ति भएको मितिमा लेखाङ्कन गर्दछ जुनबेला सहकारी उपकरणको अनुबन्धन व्यवस्थाको पक्ष बन्छ । ईक्विटी उपकरणमा लगानीलाई व्यापारको मितिमा लेखाङ्कन गरिन्छ । वित्तीय सम्पत्तिको नियमित हुने खरिद र विक्रीलाई चुक्ता हुने मितिमा लेखाङ्कन गरिन्छ ।

ख) **वित्तीय सम्पत्तिको वर्गीकरण तथा तत्पश्चात्को मापन**

वित्तीय सम्पत्ति तथा दायित्वको पहिचान भईसके पश्चात् सो को मापन उक्त वित्तीय उपकरणको वर्गीकरणले निर्क्योल गर्ने गर्दछ । सुरुवातमा पहिचान गर्दा वित्तीय सम्पत्तिलाई निम्न दुई वर्गमा वर्गीकरण गरिएको छ :

✓ परिशोधित मूल्य (Amortized Cost) मा मापन गरिएका वित्तीय सम्पत्ति
✓ बजार मूल्यमा (Fair Value) मा मापन गरिएका वित्तीय सम्पत्ति

उक्त वर्गीकरण तथा तत्पश्चात्को मापन निम्न दुई मापदण्डहरुको आधारमा गरिन्छ :

✓ वित्तीय सम्पत्तिलाई व्यवस्थापन गर्न अपनाईएको व्यवसायिक मोडेल **(Business Model)**
✓ वित्तीय सम्पत्तिबाट प्राप्त हुने नगद प्रवाहको प्रकृति

### ३.३.१ परिशोधित मूल्य (Amortized Cost) मा मापन गरिएका वित्तीय सम्पत्ति

निम्न लिखित दुवै मापदण्डहरु पुरा हुँदाको अवस्थामा वित्तीय सम्पत्तिलाई परिशोधित मूल्यमा वर्गिकरण गरी मापन गरिन्छ ।

**१. Business Model परिक्षण :**

कुनै वित्तीय सम्पत्ति प्राप्ति गर्दा सो लाई पुरै करार अवधि सम्मै निसर्ग धारण गरी करार अनुसार नगद प्रवाह संकलन गर्ने उद्धेश्य भएको ।

**२. नगद प्रवाहको प्रकृति र विशेषताको परिक्षण**

सम्झौता गरिएको शर्त नामामा उल्लेख गरे बमोजिम तोकिएको मितिमा बाँकी रहेको साँवा तथा त्यसमा पाकेको ब्याजको भुक्तानीको लागि मात्र नगद प्रवाह हुने ।

| झलेन्द्र प्रसाद दहाल | दिनेश शाक्य | रुद्रमणि श्रेष्ठ | सि.ए बिरेंद्र सिंह थापा |
|---|---|---|---|
| प्रबन्धक | लेखा.सु.स. संयोजक | अध्यक्ष | बि.एस.थापा एण्ड ऐसोसिएट्स |

यस परिक्षणको लागि ब्याज भन्नाले तोकिएको अवधिको वक्यौता साँवामा निहित Credit Risk र सो को Time Value of Money को लागि भुक्तानी हुने ब्याजलाई मात्र बुझिन्छ । Fair Value Through Profit or Loss (FVTPL) मा वर्गिकरण गरिएको बाहेक उपरोक्त दुवै मापदण्ड पुरा गर्ने सवै ऋणपत्र उपकरणहरु (Debt Instrument) प्रभावकारी ब्याज दर (Effective Interest Rate) को करिबी दर प्रयोग गरी परिषोधित मूल्यमा हानी घटाएर मापन गरिएको छ ।

Amortized Cost मा मापन भई Hedging को लागि प्रयोग नभएका वित्तीय सम्पत्ति निसर्ग हुँदा वा क्षिण हुँदा वा बजार मूल्यमा पुनर्वर्गीकृत हुँदा हुने फाईदा वा घाटालाई नाफा नोक्सान खातामा देखाउने गरिएको छ ।

### ३.३.२ बजार मूल्यमा (Fair Value) मापन गरिएका वित्तीय सम्पत्ति

Amortized Cost मा मापन गरिएका बाहेकका वित्तीय सम्पत्तिहरु बजार मूल्यमा वर्गीकरण तथा मापन गरिन्छन् । बजार मूल्य भित्र निम्न दुई उपवर्ग रहेको छन् :

१. नाफ नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्ति (Fair Value Through Profit or Loss),

२. अन्य विस्तृत आयमा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्ति (Fair Value Through Other Comprehensive Income)

नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्तिहरुलाई उक्त सम्पत्ति प्राप्ति गर्दाको समयमा नै छोटो समयमा खरिद बिक्री गरी नाफा गर्दै जाने भन्ने उद्धेश्यले प्राप्ति गरिएको हुन्छ । तसर्थ, नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्तिहरुको आवधिक मूल्याङ्कन गरिन्छ तथा यसरी मूल्याङ्कन गर्दा हुने फाईदा वा घाटालाई नाफा नोक्सान खातामा देखाईन्छ ।

### ३.३.३ अन्य विस्तृत आयमा बजार मूल्य समायोजन हुने प्रकृतिको ईक्विटी शेयरमा लगानी भई सिर्जीत वित्तीय सम्पत्ति (FVTOCI)

छोटो समयमा खरिद बिक्री गरी फाईदा आर्जन गर्ने उद्धेश्य राखी लगानी गरिएका बाहेक ईक्विटी शेयरमा गरिएका लगानीलाई अन्य विस्तृत आयमा बजार मूल्य समायोजन हुने

| झलेन्द्र प्रसाद दहाल | दिनेश शाक्य | रुद्रमणि श्रेष्ठ | सि.ए बिरेंद्र सिंह थापा |
|---|---|---|---|
| प्रबन्धक | लेखा.सु.स. संयोजक | अध्यक्ष | बि.एस.थापा एण्ड ऐसोसिएट्स |

प्रकृतिका वित्तीय सम्पत्तिमा वर्गीकरण र मापन गरिएको छ । यो वर्गमा वर्गीकरण गर्दा सो निर्णय अपरिवर्तनीय हुने गर्छ । यो वर्गमा वर्गिकृत ईक्विटी शेयरमा लगानी भएको वित्तीय सम्पत्तिबाट आर्जन हुने लाभांश आम्दानी सो पाकेको वर्ष नाफा नोक्सान खातामा देखाउने गरिन्छ ।

यस्ता वित्तीय सम्पत्तिको आवधिक पुनरमूल्याङ्कन गर्दा बजार मूल्यमा भएको परिवर्तनले हुने फाईदा वा घाटालाई अन्य विस्तृत आयमा देखाई जेथा (Equity) मा भएको परिर्वतन सम्बन्धिको विवरणमा प्रस्तुत गर्ने गरिएको हुन्छ । उक्त वित्तीय सम्पत्ति निसर्ग गर्दा हुने सञ्चित नाफालाई Equity मा भएको परिर्वतन सम्बन्धिको विवरणबाट सोझै सञ्चित मुनाफामा रकामन्तर गरिन्छ, तथापि सञ्चित नाफा मध्ये विक्री/निसर्ग गरिएको आ.व. सँग सम्बन्धित नाफालाई उक्त आ.व को नाफा नोक्सान खातामा प्रस्तुत गरिएको छ ।

तथापी सो नाफाको कारणले उत्पन्न हुने कर्मचारी बोनस तथा करको खर्चलाई नाफा नोक्सान खातामा नै देखाईएको छ । अन्य विस्तृत आयमा बजार मूल्यमा समायोजन हुने प्रकृतिको Equity शेयरमा लगानी भई सिर्जीत वित्तीय सम्पत्तिको थप विवरण बुँदा ५.१ मा प्रस्तुत गरिएको छ ।

ग) **वित्तीय दायित्वका दायित्वको वर्गीकरण तथा मापन**

NFRS 9 – "वित्तीय उपकरण" (Financial Instruments) अनुसार वित्तीय दायित्वलाई सोको वर्गीकरणका आधारमा मापन गर्ने गरिन्छ । वित्तीय दायित्वहरुलाई निम्न दुई वर्गमा वर्गीकरण गरिएको छः

- ✓ नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्व
- ✓ Amortized Cost मा वर्गीकृत वित्तीय दायित्व

### ३.३.४ नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्व

नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्वहरुलाई उक्त दायित्व सृजना हुँदा छोटो समयमा खरिद बिक्री गरी नाफा गर्दै जाने भन्ने उद्देश्यले सृजित भएको हुन्छ । तसर्थ, नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्वहरुको आवधिक मूल्याङ्कन गरिन्छ तथा यसरी मूल्याङ्कन गर्दा हुने फाईदा वा घाटालाई नाफा नोक्सान खातामा देखाइन्छ । प्रस्तुत वित्तीय प्रतिवेदनमा नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका कुनै पनि वित्तीय दायित्व रहेको छैन ।

| झलेन्द्र प्रसाद दहाल | दिनेश शाक्य | रुद्रमणि श्रेष्ठ | सि.ए बिरेन्द्र सिंह थापा |
|---|---|---|---|
| प्रबन्धक | लेखा.सु.स. संयोजक | अध्यक्ष | बि.एस.थापा एण्ड ऐसोसिएट्स |

### ३.३.५ Amortized Cost मा मापन गरिएका वित्तीय दायित्व

नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्व बाहेक अन्य सबै वित्तीय दायित्वलाई Amortized Cost मा बर्गिकृत गरिएको छ । शुरुवाती मापन पश्चात्त परिषेधित लागतमा लेखाङ्कन गरिएका वित्तीय दायित्वलाई करिबी प्रभावकारी व्याजदर को प्रयोगबाट मापन गरिएको छ । सो वित्तीय दायित्वको परिशोधन खर्च तथा दायित्व निसर्ग हुँदाको समयको फाईदा वा घाटालाई नाफा नोक्सान खातामा लेखाङ्कन गरिन्छ ।

### घ) वित्तीय सम्पत्ति तथा दायित्वको पूनरवर्गीकरण

वित्तीय सम्पत्ति तथा दायित्वको पूनरवर्गीकरण व्यवस्थापनको छनौटमा उपकरण अनुसार फरक हुन सक्छ । वित्तीय सम्पत्तिको पूनरवर्गीकरण सो सम्पत्ति प्राप्त गर्दाको समयमा व्यवस्थापनले छनौट गरेको व्यावसायिक Model मा परिवर्तन भएको अवस्थामा मात्र गर्न सकिन्छ । NFRS 9 ले अन्य विस्तृत नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिको Equity शेयरमा लगानी भई सृजित सम्पत्तिलाई पूनरवर्गीकरण गर्न बन्देज लगाएको छ ।

व्यवस्थापनको अवधारणामा कुनै वित्तीय सम्पत्ति वा दायित्वको पूनरवर्गीकरण गर्नु जरुरी देखिएमा यस्तो पूनरवर्गीकरणबाट लेखामा हुने प्रभाव तथा समायोजनहरु सो पूनरवर्गीकरणको मितिमा तथा सो मिति पश्चात मात्र लागू हुन्छ । सो मिति अघिका कुनै पनि वित्तीय विवरणलाई पूनरलेखन गरिँदैन ।

कुनै वित्तीय सम्पत्ति नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुनै प्रकृतिका वित्तीय सम्पत्ति वर्गमा पूनरवर्गीकरण गरिँदा सो गर्दाको मितिको बजार मूल्यमा मापन र लेखाङ्कन गरिन्छ । यसरी मापन गर्दा उक्त वित्तीय सम्पत्तिको पूनरवर्गीकरण हुनु अघिको किताबी मूल्य र पूनरवर्गीकरण गर्दाको बजार मूल्यमा हुने फरकलाई नाफा नोक्सान खातामा समायोजन गरिन्छ ।

### ङ) वित्तीय सम्पत्ति तथा दायित्वको निसर्ग

### ३.३.६ वित्तीय सम्पत्तिको निसर्ग

निम्न उल्लेखित कुनै पनि अवस्थामा संस्था को वित्तीय सम्पत्ति पुर्ण वा आंशिक रूपमा निसर्ग भएको स्थिति हुन आउँछ:

- ✓ सम्झौता अनुसारको नगद प्रवाहमा भएको अधिकार समाप्त हुँदा
- ✓ सम्झौता अनुसारको नगद प्रवाहमा भएको अधिकार हस्तान्तरण गरिएमा सो सँग जोडिएको सम्पूर्ण जोखिम तथा प्रतिफल पनि हस्तान्तरण हुँदा

| झलेन्द्र प्रसाद दहाल | दिनेश शाक्य | रुद्रमणि श्रेष्ठ | सि.ए बिरेंद्र सिंह थापा |
|---|---|---|---|
| प्रबन्धक | लेखा.सु.स. संयोजक | अध्यक्ष | बि.एस.थापा एण्ड ऐसोसिएट्स |

✓ यसरी निसर्ग भएको वित्तीय सम्पत्ति निसर्ग हुँदा रहेको किताबी मूल्य र सो निसर्गबाट प्राप्त जम्मा मूल्य तथा सो सँग सम्बन्धित अन्य विस्तृत नाफा नोक्सान खातामा रहेको सञ्चित फाईदा वा घाटाको योगमा फरक भएमा सो फरक रकमलाई नाफा नोक्सान खातामा लेखाङ्कन गरिन्छ ।

### ३.३.७ वित्तीय दायित्वको निसर्ग

कुनै वित्तीय दायित्वसँग जोडिएको दायित्वहरु समाप्त भएको अवस्थामा सो दायित्व निसर्ग भएको मानिन्छ । यसरी निसर्ग हुँदा उक्त वित्तीय दायित्वको किताबी मूल्य र निसर्ग हुँदा तिरेको मूल्यमा हुने फरकलाई नाफा नोक्सान खातामा लेखाङ्कन गरिन्छ ।

### च) वित्तीय सम्पत्ति तथा दायित्वको फेयर भ्यालु निर्धारण

तरल बजारमा कारोवार हुने वित्तीय उपकरण (डेरिभेटिभ उपकरण सहित) को फेयर भ्यालु वासालातको मितिको बिड (Bid) अथवा प्रस्तावित अन्तिम मूल्य (Closing Price) हो । सक्रिय बजार नहुने वित्तीय उपकरणहरुको फेयर भ्यालु विभिन्न मूल्य निर्धारण विधिहरु (गणितीय विधि) प्रयोग गरी निर्धारण गरिन्छ । यो विधिहरुलाई चाहिने निवेशहरु (inputs) सम्भव भएसम्म अवलोकन गर्न सकिने बजार तथ्याङ्कबाट लिइन्छ । फेयर भ्यालु विभिन्न मूल्य निर्धारण विधिहरुको प्रयोग गरी मापन गरिन्छ । यस प्रकृया अर्न्तगत भविष्यमा अपेक्षित नगद प्रवाह निर्धारण गर्ने र वासालात मितिसम्म "डिस्काउन्ट"(छुट) गर्नु पर्दछ । यी उपकरणहरुको लागि अनुमान गरिएको भविष्यमा अपेक्षित नगद प्रवाह मार्केट(बजार) तथ्याङ्को धारणा ( assumption) मा भर पर्दछ । त्यसैले फेयर भ्यालुको अनुमान फरक पर्ने हुँदा बजारबाट प्राप्त (realizable) नहुन सक्दछ । विभिन्न बजार धारणाहरु (assumptions) अन्तर्गत मानहरु पनि महत्वपूर्ण रुपले ( significantly) फरक पर्न सक्दछ ।

संस्थाले निम्न फेयर भ्यालु पदानुक्रम अनुसार फेयर भ्यालु मापन गरेको छ । यसले मापन गर्न प्रयोग हुने निवेश (inputs) को महत्वलाई झल्काउँदछ ।

स्तर-१ः- समान उपकरणका लागि सक्रिय बजारमा उद्धृत बजार मूल्यहरु (Unadjusted)।

स्तर-२ः- अवलोकन योग्य निवेशहरु (observable inputs) को आधारमा या त सिधै (मूल्यको रुपमा) वा अप्रत्यक्ष रुपमा (मूल्यबाट प्राप्त) मूल्य निर्धारण विधि । यस वर्ग अन्तर्गत उपकरणहरुको मूल्य निम्न तरिकाहरु प्रयोग गरी निर्धारण गरिन्छ -

(क) समान उपकरणका लागि सक्रिय बजारमा उद्धृत बजार मूल्य वा

(ख) सक्रिय बजार भन्दा कम मानिने बजारहरुमा समान उपकरणका लागि उद्धृत मूल्य वा

| झलेन्द्र प्रसाद दहाल | दिनेश शाक्य | रुद्रमणि श्रेष्ठ | सि.ए बिरेंद्र सिंह थापा |
|---|---|---|---|
| प्रबन्धक | लेखा.सु.स. संयोजक | अध्यक्ष | बि.एस.थापा एण्ड ऐसोसिएट्स |

(ग) अन्य मूल्य निर्धारण विधिहरु जहाँ सबै महत्पूर्ण निवेशहरु (inputs) प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा बजार तथ्याङ्कबाट निरीक्षण गर्न सकिन्छ ।

स्तर-३:- निरीक्षण गर्न नसकिने महत्वपूर्ण निवेशहरु (signficant unobservable inputs) प्रयोग गरिने मूल्य निर्धारण विधि । यस वर्ग अर्न्तगत समान उपकरणहरुको उद्धृत मूल्यलाई आधार मानी मूल्य निर्धारण गरिने उपकरणहरु पर्दछन् । यसरी मूल्याङ्कन गर्दा महत्वपूर्ण निरीक्षण गर्न नसकिने समायोजन (significant unobservable adjustments) वा धारणाहरु (assumptions) तय गर्न आवश्यक पर्दछ ।

संलग्न वित्तीय प्रतिवेदनमा भएका सम्पत्ति तथा दायित्वको बजार मूल्यको निर्क्योल गर्न अपनाइएको पद्धतिको बारे थप जानकारी बुँदा नं. ५.१ मा प्रस्तुत गरिएको छ ।

**छ) वित्तीय सम्पत्तिमा हुने नोक्सानी**

संस्थाले वित्तीय विवरण बनाउँदा कुनै पनि वित्तीय सम्पत्तिमा नोक्सान भए नभएको बारे प्रमाण सहित आंकलन गर्ने गरेको हुन्छ । उक्त प्रमाणले त्यस्तो सम्पत्तिबाट भविष्यमा प्राप्त हुने नगद प्रवाहलाई नकारात्मक असर गरेको दर्शाएमा सो वित्तीय सम्पत्ति नोक्सान भएको ठहर गरी त्यसमा नोक्सानी व्यवस्था गर्ने गरिएको हुन्छ ।

यस्तो नोक्सानी रहेको छ भन्ने अवस्थाको उजागर कुनै एक प्रमाणबाट मात्र नभई प्रमाणहरुको सामुहिक आंकलनबाट पनि गर्नुपर्ने हुन्छ । यस्तो नोक्सानी व्यवस्था उजागर गर्ने केही प्रमाणहरु यस प्रकार रहेका छन्:

- ✓ खराब वित्तीय अवस्था
- ✓ सम्झौताका शर्तहरुको उल्लङ्घन गरेको जस्तै ब्याज तथा साँवा भुक्तानीमा अनियमितता
- ✓ ऋणी टाट पल्टिन सक्ने सम्भावना रहेका
- ✓ वत्तीय सम्पत्तिबाट सुरुवातमा भविष्यमा प्राप्त हुन सक्ने भनी आंकलन गरिएको नगद प्रवाह भन्दा हाल गरिएको आंकलन कम भएमा

**३.४.८.१ नोक्सानी व्यवस्था/नोक्सानी व्यवस्था फिर्ता तथा अपलेखन**

वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था मापन गर्दाको किताबी मूल्य तथा सो सम्पत्तिबाट भविष्यमा प्राप्त हुन सक्ने भनि आंकलन गरिएको नगद प्रवाहलाई उक्त सम्पत्तिको पहिलो पटक पहिचान र लेखाङ्कन गर्दा प्रयोग गरिएको समायोजित ब्याज दरले **Discounting** गर्दा हुनआउने रकम बीचको फरकलाई जनाईन्छ । यस्तो नोक्सानी व्यवस्थालाई नाफा नोक्सान खातामा खर्च

| झलेन्द्र प्रसाद दहाल | दिनेश शाक्य | रुद्रमणि श्रेष्ठ | सि.ए बिरेंद्र सिंह थापा |
|---|---|---|---|
| प्रबन्धक | लेखा.सु.स. संयोजक | अध्यक्ष | बि.एस.थापा एण्ड ऐसोसिएट्स |

जनाइन्छ र वित्तीय सम्पत्तिको किताबी मूल्यबाट उक्त नोक्सानी बराबरको रकम घटाएर प्रस्तुत गरिन्छ ।

नोक्सानी व्यवस्था गर्नु पर्ने भनी उजागर गर्ने प्रमाणहरुले दर्शाएको अवस्थामा सुधार हुँदा सो सम्पत्तिमा पहिले गरिएको नोक्सानी व्यवस्थालाई फिर्ता गरी नाफा नोक्सान खातामा आम्दानी जनाइन्छ तथा यसरी पहिले गरिएको नोक्सानी व्यवस्थाबाट फिर्ता गर्दा सो सम्पत्तिको किताबी मूल्यलाई फिर्ता भए बराबरको रकमले बढाएर देखाइन्छ ।

**३.४.८.२ एकल ऋर्णको नोक्सानी व्यवस्था**

एकल रुपमा महत्वपूर्ण ऋणको नोक्सानी व्यवस्था गर्न निम्न आधारहरुलाई मध्यनजर गरिएको हुन्छः

- ✓ सो एकल ग्राहक समूहमा प्रवाहित सम्पूर्ण ऋण रकम
- ✓ ग्राहकको व्यापारको सम्भाव्यता तथा ऋण भुक्तानी गर्न सक्ने क्षमता
- ✓ भुक्तानी तथा असुलीको अनुमानित रकम र भुक्तानी मिति
- ✓ धितोबाट उठ्न सक्ने अनुमानित रकम

**३.४.८.३ सामुहिक ऋण नोक्सानी व्यवस्था**

उस्तै प्रकृतिका ऋणहरुलाई समूहमा वर्गीकरण गरिन्छ । सामुहिक ऋण नोक्सानी व्यवस्थाको आंकलन साँख्यिकीय (Statistical) पद्धतिको माध्यमबाट गरिन्छ । यस्तो सामुहिक ऋणमा बिगतमा भएको नोक्सानी दरलाई "Net Flow Rate" विधिबाट निर्धारण गरिन्छ । यस विधि अनुसार विगतमा प्रवाहित ऋणहरुलाई समूह अनुसार भाखा नाघेको आधारमा विभिन्न अवधिमा वर्गीकरण गरी सो समूहको 'Default' को सम्भाव्यता अनुमान गरिन्छ । उक्त सम्भाव्यतालाई आवधिक रुपमा पूनरावलोकन गर्ने गरिन्छ ।

**३.४.८.४ पूनरसंरचना र पूनरतालिकीकरण भएका ऋणको नोक्सानी व्यवस्था**

संस्थाले सम्भव भएसम्म ऋणको धितो अधिग्रहण गर्नु भन्दा सम्भाव्यताको आंकलन गरी त्यस्ता ऋणलाई पूनरतालिकीकरण अथवा पूनरसंरचना गरिएको हुन्छ । यसरी पूनरतालिकीकरण वा पूनरसंरचनाको लागि संस्था तथा ऋणी दुवै पक्ष सहमत भए पश्चात् सो ऋणमा गर्नु पर्ने ऋण नोक्सानी व्यवस्था सो ऋणको सुरुवातको समायोजित ब्याज दरकै आधारमा गरिन्छ । यसरी ऋण नोक्सानी व्यवस्था गरे पश्चात सो ऋणलाई भाखा नाघेको ऋणको रुपमा गणना गरिँदैन ।

| | | | |
|---|---|---|---|
| झलेन्द्र प्रसाद दहाल | दिनेश शाक्य | रुद्रमणि श्रेष्ठ | सि.ए बिरेंद्र सिंह थापा |
| प्रबन्धक | लेखा.सु.स. संयोजक | अध्यक्ष | बि.एस.थापा एण्ड ऐसोसिएट्स |

यस्ता ऋणलाई एकल रुपमा महत्वपूर्ण राख्ने वा सामुहिकृत ऋणमा वर्गीकरण गरी ऋण नोक्सानी व्यवस्थाको आंकलन गर्ने गरिन्छ ।

**३.४.८.५ NFRS 9 - वित्तीय उपकरण - पहिचान, लेखाङ्कन तथा मापन (ऋण नोक्सानी व्यवस्था सम्बन्धी)**

प्रस्तुत वित्तीय विवरण तयार गर्दा बुँदा २.१.२(क) मा प्रस्तुत गरिएको वैकल्पीक व्यवस्थाको उपयोग गरिएको छ । तदअनुरुप, संस्थाले ऋण लगानीमा कर्जा नोक्सानी व्यवस्था गरेको छ ।

**३.४.९ प्रचलित ब्याज दर भन्दा कममा कर्मचारीलाई प्रवाहित सापटी**

संस्थाले आफ्ना कर्मचारीहरुलाई मानव संशाधन व्यवस्थापन नियमावलीको प्रावधान भित्र रही सहुलियत ब्याज दरमा ऋण सापटी प्रवाह गर्ने गरेको छ । कर्मचारीबाट ऋण सापटीको भूक्तानीका लागि भविष्यमा प्राप्त हुने नगद प्रवाहलाई सोही प्रकृतिका ऋणको बजारमा प्रचलित ब्याज दरले Discounting गरी सो ऋणको बजार मूल्य निर्धारण गरिन्छ । ऋणको शुरुवाती Transaction Price तथा उक्त बजार मूल्यको फरक कर्मचारी सुविधाको रुपमा र बाँकी रकमलाई वित्तीय सम्पत्तिको रुपमा Amortised Cost मा मापन गर्ने गरी लेखाङ्कन गरिएको छ ।

कर्मचारीलाई प्रवाहित ऋण सापटीसँग सम्बन्धित अग्रिम भुक्तानी भएको कर्मचारी सुविधालाई उक्त ऋण सापटीको अवधिमा परिशोधन गरी खर्च लेख्ने गरिन्छ । सो ऋणको बजार मूल्यमा समायोजित ब्याज दर अनुसार हुने ब्याज आम्दानीको फरकलाई परिशोधन खर्चको रुपमा उक्त अग्रिम भुक्तानी भएको कर्मचारी सुविधाबाट परिशोधन गर्दै लेखाङ्कन गरिएको छ ।

**३.४.१० Amortized Cost को मापन**

कुनै वित्तीय सम्पत्ति तथा दायित्वको **Amortized Cost** को रुपमा सो को सुरुवाती किताबी मूल्यमा साँवा भुक्तानीको रकम, संचित परिशोधन खर्च तथा संचित नोक्सानी व्यवस्थाको रकम समायोजन गरे पछिको रकमलाई जनाईन्छ ।

कुनै पनि वित्तीय सम्पत्तिबाट भविष्यमा प्राप्त हुने वा वित्तीय दायित्वको लागि भविष्यमा भुक्तानी हुने रकमलाई **Discount** गर्दा हुन आउने मूल्य सो वित्तीय सम्पत्ति तथा दायित्वको आजको किताबी मूल्य बराबर हुन्छ भने, यसरी भविष्यमा प्राप्त हुने वा भुक्तानी हुने रकमलाई **Discount** गर्न प्रयोग भएको उक्त ब्याज दरलाई समायोजित ब्याजदर भनिएको छ । संस्थाले समायोजित ब्याज दरका आधारमा वित्तीय सम्पत्ति तथा दायित्वको **Amortized Cost** मापन गर्ने गरेको छ ।

| झलेन्द्र प्रसाद दहाल | दिनेश शाक्य | रुद्रमणि श्रेष्ठ | सि.ए बिरेंद्र सिंह थापा |
|---|---|---|---|
| प्रबन्धक | लेखा.सु.स. संयोजक | अध्यक्ष | बि.एस.थापा एण्ड ऐसोसिएट्स |

### ३.४ लगानी सम्पत्ति (Investment Properties)

एनएफआएस १६ (सम्पत्ति तथा उपकरण) बमोजिम वर्गीकरण गरिएको सम्पत्ति तथा उपकरण र एनएफआएस ५ (बिक्रीका लागि उपलब्ध गैर अचल सम्पत्ति र बन्द गरिएको संचालन) बमोजिम वर्गीकरण गरिएको बाहेक जग्गा वा भवन वा दुबै लगानी सम्पत्ति हुन् । संस्थाले गैर बैंकिङ्ग सम्पत्तिको रुपमा प्राप्त गरेको जग्गा वा भवन वा दुबैलाई लगानी सम्पत्तिको रुपमा वर्गीकरण गरेको छ । संस्थाले लगानी सम्पत्तिलाई NAS 16 अनुसार ऐतिहासिक मुल्यमा लेखाङ्कन गर्ने नीति लिएको छ र उक्त लगानी सम्पत्ति अन्तर्गतको भवनको ऐतिहासिक लागतबाट सञ्चित ह्रासकट्टी तथा सञ्चित क्षयिकरणको नोक्सानीलाई घटाएर प्रस्तुत गर्ने गरिन्छ ।

### ३.५ सम्पत्ति तथा उपकरण

सहकारीले **NAS 16 – "Property, Plant & Equipment"** को व्यवस्था अनुसार आफ्ना स्थिर सम्पत्ति र कार्यालय उपकरणहरुको पहिचान, मापन तथा लेखाङ्कन गर्ने गरेको छ ।

संस्थालाई स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको उपयोगबाट भविष्यमा अवश्यम्भावी आर्थिक लाभ हुने सम्भावना रहेको तथा सो स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको लागत मापन गर्न सकिएको अवस्थामा मात्र त्यस्ता स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको पहिचान गर्ने गरिन्छ । संस्थाले NFRS 16 पट्टा (Lease) को प्रावधान अनुसार **आर.ओ.यू सम्पत्ति** लाई समेत सम्पत्ति तथा उपकरण अन्तर्गत नै प्रस्तुत गर्ने नीति लिएको छ ।

पहिचान भएका स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको लागतलाई मापन गरी लेखाङ्कन गरिन्छ । लागत मापन गर्दा सो स्थिर सम्पत्ति तथा कार्यालय उपकरण प्राप्ति वा निर्माणका लागि भएका पूँजीकृत गर्न मिल्ने सबै खर्चलाई सो सम्पत्तिको लागतको रुपमा लेखाङ्कन गरिन्छ । उक्त प्रकृति बाहेकका अन्य खर्चहरुलाई खर्च भएकै अवधिमा प्रोदभावी आधारमा नाफा नोक्सान खातामा लेखाङ्कन गरिन्छ ।

स्थर सम्पत्ति तथा कार्यालय उपकरणलाई "Cost Model" मा लेखाङ्कन तथा प्रस्तुत गर्ने संस्थाको लेखा नीति रहेकोछ । यस Model अनुसार स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई सोको ऐतिहासिक लागतबाट सञ्चित ह्रासकट्टी तथा सञ्चित क्षयिकरणको नोक्सानीलाई घटाएर प्रस्तुत गर्ने गरिन्छ ।

| झलेन्द्र प्रसाद दहाल | दिनेश शाक्य | रुद्रमणि श्रेष्ठ | सि.ए बिरेंद्र सिंह थापा |
|---|---|---|---|
| प्रबन्धक | लेखा.सु.स. संयोजक | अध्यक्ष | बि.एस.थापा एण्ड ऐसोसिएट्स |

B.S.THAPA & ASSOCIATES CHARTERED ACCOUNTANTS FIRM REGD. 1240

संस्थाले आफ्नो कुनै पनि वर्गका स्थिर सम्पत्ति तथा कार्यालय उपकरणका लागि पूनरमूल्याङ्कन Model अपनाएको छैन ।

स्थिर सम्पत्ति तथा कार्यालय उपकरण बिक्री गरिएमा अथवा सो को प्रयोगबाट भविष्यमा कुनै पनि आर्थिक लाभ लिन नसकिने अवस्था आंकलन भएमा, सो सम्पत्तिको किताबी मूल्यलाई निसर्ग गर्ने गरिन्छ । यसरी निसर्ग गरिँदा सोमा हुने फाईदा वा घाटालाई नाफा नोक्सान खातामा प्रस्तुत गरिन्छ ।

## ह्रासकट्टी

संस्थाले स्थिर सम्पत्ति तथा कार्यालय उपकरण उपयोगको लागि उपलब्ध भएपछि निसर्ग हुने समयसम्मको अवधिमा ह्रासकट्टी गर्ने गरेको छ । लिजहोल्ड सम्पत्ति र आर.ओ.यू सम्पत्ति बाहेक, संस्थाले स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई सोको अनुमानित प्रयोग अवधिको आधारमा समदर ह्रासकट्टी प्रणाली (Straight Line  Method) अनुसार ह्रासकट्टी गर्ने गरेको छ भने लिजहोल्ड र आर.ओ.यू सम्पत्तिलाई भने पट्टा अवधिमा अपलेखन हुने गरी परिशोधन नीति अपनाइएको छ । सहकारीका विभिन्न प्रकृतिका स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको अनुमानित उपयोग अवधि निम्न बमोजिम छ ।

| सम्पत्तिको प्रकृति | अनुमानित उपयोग अवधि | स्काप % | ह्रास दर % |
|---|---|---|---|
| भवन | ४५ वर्ष | १० | ५ |
| कार्यलय उपकरण | ८ वर्ष | १० | २५ |
| परिवहन साधन | १० वर्ष | ११ | २० |
| फर्निचर तथा फिक्सर | ८ वर्ष | १० | २५ |
| अन्य सम्पत्ति | १५ वर्ष | ९ | १५ |
| आर.ओ.यू सम्पत्ति | पट्टाको अवधि | | |
| लीज होल्ड सम्पत्ति | पट्टाको अवधि | | |

स्थिर सम्पत्ति तथा कार्यालय उपकरण निसर्ग वा विक्रीको लागि वर्गीकृत (Held for Sale) भएमा ह्रासकट्टी स्थगित गरिन्छ । यस्ता सम्पत्ति सक्रिय प्रयोगबाट निष्क्रिय नहुन्जेल, सोमा

| झलेन्द्र प्रसाद दहाल | दिनेश शाक्य | रुद्रमणि श्रेष्ठ | सि.ए बिरेंद्र सिंह थापा |
|---|---|---|---|
| प्रबन्धक | लेखा.सु.स. संयोजक | अध्यक्ष | बि.एस.थापा एण्ड ऐसोसिएट्स |

ह्रासकट्टी गरी राखिन्छ । ह्रासकट्टीको पद्दति, अनुमानित उपयोग अवधि तथा सो अवधि पश्चात बाँकी रहने मूल्य (Residual Value) को आवधिक रुपमा पूनरावलोकन तथा उचित समायोजन गर्ने गरिन्छ ।

सम्पत्तिको बाँकी रहने मूल्य, अनुमानित उपयोग अवधि तथा ह्रासकट्टीको विधिहरु समय सापेक्ष राख्न नियमित रुपमा पूनरावलोकन तथा उचित समायोजन गर्ने गरिन्छ ।

### ३.६ अदृश्य/अमूर्त सम्पत्ति

खरिद गरिएको कम्प्यूटर सफ्टवेयर लाइसेन्सहरुको खरिद गर्न र प्रयोग गर्न सकिने अवस्थामा ल्याउनको निम्ति लागेको लागतलाई पूँजीकृत गरिन्छ । कम्प्यूटर सफ्टवेयर लागतलाई अपेक्षित उपयोगी अवधिको आधारमा परिशोधन गरिन्छ । सफ्टवेयर चालु अवस्थामा राख्न लाग्ने रकमलाई खर्चको रूपमा मान्यता दिइन्छ ।

सफ्टवेयरलाई प्रयोगको लागि उपलब्ध मिति देखि समादर विधिमा, अनुमानित उपयोगी अवधिमा नाफा वा नोक्सान हिसाबमा यसको परिशोधन गरिन्छ । हालको र तुलनात्मक अवधिको लागि सफ्टवेयरको अनुमानित उपयोगी अवधि **१० वर्ष** हो ।

अभौतिक सम्पत्ति विक्री गरिएमा अथवा सोको उपयोगबाट भविष्यमा कुनै पनि आर्थिक लाभ लिन नसकिने अवस्था भएमा सोको किताबी मूल्यलाई निसर्ग गर्ने गरिन्छ । यसरी अभौतिक सम्पत्ति निसर्ग गरिँदा सो मा हुने फाईदा वा घाटालाई नाफा नोक्सान खातामा प्रस्तुत गरिन्छ ।

### ३.७ आयकर

संस्थाले आयकर लेखाङ्कन **NAS 12 – Income Tax** को प्रावधान बमोजिम गर्ने गरेको छ । आयकर खर्चमा यस वर्षको कर, स्थगन कर तथा विगत वर्षको कुनै थप कर दायित्व आएमा सो समेत समावेश गरिन्छ ।

### क) चालु कर

चालु कर भनेको यस वर्षको नाफा वा नोक्सानमा हुने अपेक्षित तिर्नु पर्ने वा पाउनु पर्ने करको रकम हो जुन रिर्पोटिङ्ग मितिमा लागू गरिएको वा ठोस रूपमा लागु गरिएको करका दरहरू प्रयोग गरी गणना गरिन्छ ।

### ख) स्थगन कर

आर्थिक वर्षको अन्त्य मितिमा कर आधार र किताबी मूल्यको अस्थायी भिन्नताहरुमा स्थगन कर पहिचान गरिन्छ । स्थगन कर आर्थिक वर्षको अन्त्य मितिमा संस्थामा लागू हुने त्यो दर प्रयोग

| | | | |
|---|---|---|---|
| झलेन्द्र प्रसाद दहाल | दिनेश शाक्य | रुद्रमणि श्रेष्ठ | सि.ए बिर्गेद्र सिंह थापा |
| प्रबन्धक | लेखा.सु.स. संयोजक | अध्यक्ष | बि.एस.थापा एण्ड ऐसोसिएट्स |

गरी निर्धारण गरिन्छ जुन सम्बन्धित स्थगन आय कर सम्पत्ति प्राप्त हुँदा वा स्थगन आयकर दायित्व समाप्त हुँदा लागू हुने अपेक्षा गरिएको हुन्छ । स्थगन कर सम्पत्तिहरू तब मात्र मापन गरिन्छ जब भविष्यमा अस्थायी भिन्नताहरूको अन्त्य गर्न करयोग्य मुनाफा उपलब्ध हुनेछ भनी अपेक्षा गर्न सकिन्छ ।

३.८ **पट्टा दायित्व**

संस्थाले पट्टा (Lease) को पहिचान, मापन तथा लेखाङ्कन NFRS 16 – Lease को प्रावधान बमोजिम गरेको छ । NFRS 16 अनुसार पट्टालाई सम्झौताको रुपमा परिभाषित गरिएको छ जस अनुसार कुनै पहिचान गरिएको सम्पत्ति कुनै मूल्यको बदलामा केही समय अवधिको लागि नियन्त्रण गर्ने अधिकार उक्त सम्झौताले प्रदान गर्छ । NFRS 16 अनुसार छोटो अवधि (१२ महिना भन्दा कम) को पट्टा तथा अंतर्निहित सम्पत्ति कम मूल्य भएको पट्टाको हकमा भाडा भुक्तानी खर्चको लेखाङ्कन पट्टा अवधि भर समदर (Straight Line Basis) गणना विधि अनुसार गरिएको छ भने अन्य पट्टाहरुको हकमा भने आर.ओ.यू सम्पत्ति र पट्टा दायित्वको रुपमा लेखाङ्कन गर्ने गरेको छ । यसरी पहिचान भएको आर.ओ.यू सम्पत्तिलाई सम्पत्ति अन्तर्गत प्रस्तुत गरी ह्रासकट्टी गरिएको छ भने पट्टा दायित्वमा लाग्ने वित्तीय खर्चलाई ब्याज खर्चमा देखाइएको छ ।

**पहिचान**

पट्टको प्रारम्भिक मितिमा संस्थाले आर.ओ.यू सम्पत्ति र पट्टा दायित्वको पहिचान गर्दछ । **NFRS 16** अनुसार पट्टामा लिने संस्थाले तल उल्लेखित पट्टाहरुको सन्दर्भमा छुटको सुविधा लिएको बाहेक अन्य सबै पट्टाहरुको लागि पट्टा अवधि भरी आर.ओ.यू सम्पत्ति र पट्टा दायित्वको पहिचान गर्नुपर्छ ।

**छुटको सुविधा लिन सकिने पट्टाहरु**

- ✓ छोटो अवधि (१२ महिना भन्दा कम) वा
- ✓ अंतर्निहित सम्पत्तिको मूल्य कम भएको

छोटो अवधि (१२ महिना भन्दा कम) को पट्टमा तिरेको भुक्तानीलाई सिधै अन्य सञ्चालन खर्च अन्तर्गत प्रस्तुत गरिएको छ ।

| | | | |
|---|---|---|---|
| झलेन्द्र प्रसाद दहाल | दिनेश शाक्य | रुद्रमणि श्रेष्ठ | सि.ए बिरेंद्र सिंह थापा |
| प्रबन्धक | लेखा.सु.स. संयोजक | अध्यक्ष | बि.एस.थापा एण्ड ऐसोसिएट्स |

## प्रारम्भिक मापन

### पट्टा दायित्वको मापन

प्रारम्भिक मितिमा बाँकी रहेको पट्टा अवधि भरी भुक्तानी गर्नुपर्ने पट्टा रकमलाई पट्टमा निहित दर वा पट्टेदारको वृद्धिशील उधार दरले वर्तमान मूल्यमा मापन गर्नुपर्छ ।

संस्थाले पट्ट्दारको वृद्धिशील उधार दर १० प्रतिशत को दरले पट्टा दायित्वको मापन गरेको छ

### आर.ओ.यू सम्पत्ति

आर.ओ.यू सम्पत्तिलाई शुरुमा लागतमा लेखाङ्कन गरिन्छ । आर.ओ.यू सम्पत्तिको लागतमा निम्न रकमहरु जोडिएका हुन्छन् ।

- आर.ओ.यू सम्पत्ति = प्रारम्भिक प्रत्यक्ष लागत + NAS 37 अनुसार स्थापित गर्न, हटाउन वा पुनर्स्थापना गर्न लाग्ने अनुमानित लागत + प्रिपेड लिज भुक्तानी –प्राप्त पट्ट प्रोत्साहन

## पछिको मापन (Subsequent Measurement)

### आर.ओ.यू सम्पत्ति

प्रारम्भिक मिति पश्चात्त, आर.ओ.यू सम्पत्तिलाई NAS 16 अन्तर्गत पुनर्मूल्याङ्कंन मोडल लागू नगरेको खण्डमा लागत मोडलमा मापन गरिन्छ ।

लागत मोडलमा मापन गरिएको आर.ओ.यू सम्पत्तिलाई त्यसको लागतमा संचित ह्रासकट्टि र संचित हानी नोक्सानी घटाई धारा ३४.३ मा निर्दिष्ट गरिएको पट्टा दायित्वको पुन मापन बापतको रकम समायोजन गरी देखाउने गरेको छ । संस्थाले लागत मोडलमा मापन गरिएको आर.ओ.यू सम्पत्तिलाई NAS 16 सम्पत्ति तथा उपकरणको प्रावधान अनुसार नै ह्रासकट्टिको लेखाङ्कन गर्ने गरिएको छ ।

### पट्टा दायित्व

पट्टा दायित्वलाई अन्य वित्तीय दायित्व सरह (जस्तै परिशोधित लागतको आधारमा) नै लेखाङ्कन गर्ने गरिन्छ । पट्टा दायित्वलाई प्रारम्भिक मिति पश्चात्त निम्न हिसाबले मापन गरिन्छ :

- ✓ पट्टा दायित्वमा प्रतिविम्वित हुने ब्याज खर्चले वृद्धि गर्ने
- ✓ पट्टा दायित्वको भुक्तानीलाई प्रतिविम्वित गर्ने रकमले कम गर्ने र

| | | | |
|---|---|---|---|
| झलेन्द्र प्रसाद दहाल | दिनेश शाक्य | रुद्रमणि श्रेष्ठ | सि.ए बिरेंद्र सिंह थापा |
| प्रबन्धक | लेखा.सु.स. संयोजक | अध्यक्ष | बि.एस.थापा एण्ड ऐसोसिएट्स |

✓ कुनै प्रकारको पुनर्मूल्याङ्कन वा पट्टा संशोधन वा संशोधित फिक्स्ड लिज भुक्तानीको प्रतिविम्बित गर्ने खालको पुनः निर्धारित रकम

**खर्चको पहिचान र मापन**

पट्टामा लिने पक्षले पट्टासँग सम्बन्धित निम्न खर्चहरुको पहिचान गर्ने गर्दछ।

- ✓ आर.ओ.यू सम्पत्तिको ह्रासकट्टि
- ✓ पट्टा दायित्वमा ब्याज खर्च
- ✓ आर.ओ.यू सम्पत्तिको हानी
- ✓ परिर्वतनशिल पट्टा भुक्तानी रकम जुन पट्टा दायित्वमा समावेश गरिएको थिएन।

आर.ओ.यू सम्पत्तिको ह्रासकट्टि खर्च र हानीलाई नाफा नोक्सान विवरणको ह्रास कट्टि र परिशोधन खर्च अन्तर्गत प्रस्तुत गरिएको छ भने पट्टा दायित्वमा ब्याज खर्चलाई नाफा नोक्सान विवरणमा प्रस्तुत गरिएको छ।

**३.९ सम्भावित दायित्वहरु**

संस्थाले सम्भावित दायित्वहरुको पहिचान तथा लेखाङ्कन **NAS 37 – Provisions, Contingent Liabilities & Contingent Assets** को प्रावधान बमोजिम गर्ने गरेको छ । सम्भावित दायित्वहरुमा देहाय बमोजिमका विषयहरु समावेश गरिएका छन्:

विगतका घटनाक्रमबाट उत्पन्न हुन सक्ने त्यस्ता सम्भावित दायित्वहरु जसको अस्तित्व संस्थाको नियन्त्रण भन्दा बाहिर रहेका भविष्यका एक वा एकभन्दा बढि अनिश्चित घटनाक्रमहरुले निर्क्यौल गर्दछ।

विगतका घटनाक्रमबाट उत्पन्न भएका तर देहायका कारणले गर्दा हाल लेखाङ्कन नगरिएका दायित्वहरु

- दायित्व निसर्ग गर्नका लागि आर्थिक लाभ हुने श्रोत बाहिरिने सम्भावना नरहेको
- दायित्व मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएको

| झलेन्द्र प्रसाद दहाल | दिनेश शाक्य | रुद्रमणि श्रेष्ठ | सि.ए बिरेंद्र सिंह थापा |
|---|---|---|---|
| प्रबन्धक | लेखा.सु.स. संयोजक | अध्यक्ष | बि.एस.थापा एण्ड ऐसोसिएट्स |

संस्थाको जानकारीमा आएको सम्पूर्ण सारभूत (Material) दायित्वको लागि पर्याप्त व्यवस्था गरिएको छ । सारभूत दायित्वको भविष्यमा उत्पन्न हुने परिणाम मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएको खण्डमा त्यस्ता दायित्वलाई सम्भावित दायित्व अन्तर्गत देखाइन्छ ।

**३.१० आयको पहिचान**

अन्यथा उल्लेख भएकोमा बाहेक, संस्थाले आम्दानीलाई NFRS 15 – "Revenue from Contracts with Customers" को प्रावधान बमोजिम पहिचान, मापन तथा लेखाङ्कन गर्ने गरेको छ ।

**३.१०.१ ब्याज आम्दानी**

